# तेस्रो अध्याय

# सिक्किममा लेप्चा जाति अनि भाषा

## ३.१ परिचय

सिक्किम भारतको उत्तर पूर्वमा अवस्थित एउटा सानो हिमाली राज्य हो। जातीय सांस्कृतिक एवम् भाषिक विविधताले प्रसिद्ध सिक्किम पूर्वी हिमालयको अविच्छिन्न शृङ्खलाका लागि पनि चिनिन्छ। प्राकृतिक सम्पदा अनि जीव विविधतासँगै आधुनिक विज्ञान र संरक्षण नीतिलाई अग्रगति दिने स्थानीय समुदायहरूका पारम्परिक ज्ञानका कारण पनि यो राज्य पवित्र/सांस्कृतिक भूभागका रूपमा पनि चिनिएको छ।[१]

सिक्किम छिमेकी राष्ट्र नेपाल र भूटान तथा चीन प्रशासित क्षेत्र तिब्बत एवम् पश्चिम बङ्गाल राज्यसित आफ्नो वैभवशाली सामाजिक-सांस्कृतिक र आर्थिक सम्बन्धका साथै सामरिक महत्त्वको स्थानमा स्थित छ। आफ्नो वैभवशाली इतिहास र भू-पारिवेशिकी चरित्रका कारण सिक्किमले समयअनुसार विभिन्न भाषाहरूलाई सह-जीवन जीउने र सह-विकसित हुने मलिलो धरातल प्रदान गरेको मान्न सकिन्छ।[२] सन् २०११ को जनगणना रिपोर्टअनुसार सिक्किममा ६०७६८८ जनसङ्ख्या रहेको छ। उक्त रिपोर्टअनुसार सिक्किम देशकै सबैभन्दा कम्ति जनसङ्ख्या भएको राज्य हो। क्षेत्रफलका दृष्टिले सिक्किम गोवापछि दोस्रो सानो राज्य हो र यो राज्य ७०९६ वर्ग किलोमिटरका साथमा भारतको समग्र भौगोलिक क्षेत्रको ०.२२ प्रतिशत भागमा अवस्थित छ।[३] यसको फैलावट उत्तरदेखि दक्षिणसम्म ११४ किलोमिटर छ भने पूर्वदेखि पश्चिमसम्म ६४ किलोमिटर रहेको छ।[४] प्रशासनिक रूपमा यो अघि पश्चिम, उत्तर र दक्षिण गरी चार जिल्लामा बाँडिएको थियो तर मार्च २०२२ देखि अन्य दुइवटा जिल्ला पनि थपएका छन्। वर्तमान सिक्किम गान्तोक, मङ्गान, नाम्ची, गेजिङ, सोरेङ र पाकिम गरी जम्मा छवटा

---

[१]ई वर्नबाउम,सन् १९९७, *सेक्रेड माउन्टेन्स् अव् द वर्ल्ड*, वेर्क्ले: सिए युनिभर्सिटी अव् केलिफोर्निया प्रेस; पि एस रामाकृष्णन्, सन् २०००, *माउन्टेन वायोडाइवर्सिटी, ल्यान्ड युज डाइनामिक्स्, एन्ड ट्रेडिसनल इकलजिकल नलेज*, न्यु दिल्ली : अक्सफर्ड एन्ड आइबिएच पब्लिसिङ; पि एस रामाकृष्णन्, सन् २००४, 'ग्लोवली इनपर्नटेन्ट इन्जिनियस एग्रिकल्चरल हेरिटेज सिस्टिम्स्ज (जिआइएएचएस); एन इको-कल्चरल ल्यान्डस्केप पर्स्पोक्टिव', एफएओ वेवसाइडwww.fao.org/ag/agl/agll/giahs/documents/backgroundpapers_ ramankrishnan. doc. 05.12.2017; जो एममल्लार्च,सन् २००८, *प्रोटेक्टेड ल्यान्डस्केप एन्ड कल्चरल एन्ड स्प्रिचिवल वेल्युज*, भोलुम २, 'वेल्युज अव् प्रोटेक्टेड ल्यान्डस्केप एन्ड सिस्केप', आइयिसिएन, जिटिजि एन्ड ओब्रा सोसियल दे काइसा कतालिनिया, हाइडेलबर्ग: कास्पारेग वर्लाग

[२]बलराम पाण्डे (सम्पा), सन् २०१८, *भारतीय भाषा लोक सर्वेक्षण: सिक्किमका भाषाहरू*, (खण्ड २६, भाग ३), दिल्ली : ओरिन्ट ब्ल्यकस्वान प्रा लि, पृ xxxiv

[३]महेन्द्र पी लामा (सम्पा), सन् १९९४, *सिक्किम: सोसाइटी, पलिटी, इकोनमी, इनवायरन्मेन्ट*, न्यु दिल्ली : इन्डस पब्लिसिङ कम्पनी, पृ ३

[४]जे आर सुब्बा, सन् २००८, *हिस्ट्री कल्चर एन्ड कस्टम्ज अव् सिक्किम*, न्यु दिल्ली : ज्ञान पब्लिसिङ हाउस, पृ  २

जिल्ला छन्। गान्तोक, राज्यको राजधानी र पर्यटन तथा प्रशासनिक क्रियाकलापहरूको केन्द्रबिन्दु पनि हो।

प्राचीन समयमा लेप्चा पनुहरूद्वारा प्रबन्धित यस प्रदेशलाई मायल् ल्याङ भनिन्थ्यो। यस अञ्चलका मूल अनि प्राचीन बासिन्दा लेप्चा मानिए तापनि लिम्बू, मगर र भोटियाहरू पनि सिक्किममा धेरै अघिदेखि रहिआएको उल्लेख पाइन्छ।[५] ए सी सिन्हा (सन् १९८३) लेख्छन्-"तिब्बती अन्वेषक अनि उपनिवेशक खेबुम्सा नयाँ ठाउँको खोजीमा, डेन्जोङ (सिक्किम)-मा झरे। त्यसबेला सिक्किममा किराती जनजातिहरू, जस्तै- लेप्चा, लिम्बू र मगरहरू पातलो सङ्ख्यामा बसोबास गर्दथे अनि तिनीहरूलाई आफ्नै कबिलाका मुखियाहरूले शासन गर्थे। सम्भवत: उनीहरूमा केन्द्रीय प्रशासनको परम्परा थिएन।[६] कालान्तरमा अन्य जातीय समूहहरू पनि सिक्किम आए जसलाई आज नेपाली भन्ने संश्लेषित नामले चिनिन्छ। भारतमा अङ्ग्रेजी उपनिवेश रहेको बेला सिक्किमको आफ्नै एउटा अक्षुण्ण राष्ट्रिय अस्तित्व थियो। सन् १९७५ मा बाइसौँ राज्यका रूपमा भारतमा विलय हुनअघि, सिक्किम भारतको एउटा संरक्षित राज्य रहेको थियो। सन् १९७५ मा भारतमा विलय भएपश्चात सिक्किम सन् २००२ मा उत्तर-पूर्वी परिषद्को सदस्य बन्यो। वर्तमान कालमा लेप्चा भोटिया र नेपालीलाई सिक्किमका मूल बासी भनेर चिनिन्छ।

कुनै विशिष्ट भौगोलिक क्षेत्रका विभिन्न नामहरू र तिनीहरूले दिने सामूहिक अर्थहरू जान्न भाषाशास्त्री र भाषामाथि चासो राख्ने जिज्ञासुका निम्ति एउटा महत्त्वपूर्ण स्रोत हुन सक्छ।[७] यदि यस्तो अभिलाषाले हेरेमा सिक्किम अध्येताहरूका लागि एउटा रोचक अध्ययन क्षेत्र बन्न सक्छ। संसारका कूल जनसङ्ख्याको .००८६ प्रतिशत मात्र जनसङ्ख्या भएको यस सानो भूखण्डका पाँचवटा नामहरू अभिलिखित छन्।[८] जसले यहाँको भाषिक विविधतालाई दर्शाउँछ।

सिक्किमलाई यहाँका आदिम जाति लेप्चाहरू *ने मायल् रेनज्योङ ल्याङ* वा सङ्क्षिप्तमा *मायल् ल्याङ* वा *रेनज्योङ* भन्ने गर्छन् जसको अर्थ 'लुकेर बसेको स्वर्ग' भन्ने हुन्छ। तिब्बतीहरू यसलाई डे *जोङ*

[५]थुटोब नामग्याल एन्ड योस्सी डोल्मा, सन् १९०८, *हिस्ट्री अव् सिक्किम*मा उल्लेख भएअनुसार लिम्बू वा चोङ र मगरहरू सिक्किमका पुराना बासिन्दाहरू हुन्।

[६]ए सी सिन्हा, सन् १९८३, *स्टडिज इन द हिमालयन कम्युनिटिज*, न्यु दिल्ली : बुक्स टुडे, पृ ५

[७]पी बोर्दउ, सन् १९९०, द *लजिक अव् प्रेक्टिस*, क्याम्ब्रिज : पलिटी प्रेस, पृ २०-२४

[८]बलराम पाण्डे (सम्पा), *भारतीय भाषा लोक सर्वेक्षण: सिक्किमका भाषाहरू*, पूर्ववत्, पृ xxxiii

भन्दथे जसको अर्थ 'धानको उपत्यका' हुन्छ।[९] भोटियाहरू यसलाई *बेयुल् डेमा जोङ* भन्दछन्, जसको अर्थ 'धानको देश' भन्ने हुन्छ। सिक्किमलाई स्थानीय नेपाली जनगणले इन्द्रकिल पनि भन्ने गरेको पाइन्छ। कञ्चनजङ्घा अवस्थित रहेका अनि विविधताले सम्पन्न घना जङ्गल भएकाले पनि यस प्रदेशमा धेरै वर्षा हुने गरेकाले पनि हुन सक्छ यस भूभागलाई वर्षाका देउता इन्द्रको किल्ला-इन्द्रकिल भनिएको हो। धेरैजसो नेपाली साहित्यकारहरूले यस भूभागलाई '*स्वर्गको फूलबारी*' (नन्दन कानन) भनेर पनि अभिहित गरेका छन्।[१०] वर्तमानमा प्रचलित सिक्किम नाम चाहिँ लिम्बू 'सु-खिम' शब्दको अङ्ग्रेजीकृत रूप हो। सिक्किम नाम नै राजपत्र, गेजेट वा प्रशासनिक रूपमा अधिसूचित भएको पाइएकाले यस शोधपत्रमा सिक्किम नै प्रयोग गरिएको छ। यही नाम नै सर्वाधिक प्रचलित तथा आधिकारिक रूपले मान्य रहेको पाइए तापनि आज पनि सिक्किमका जात जातिहरू आफ्नो मातृभाषामा सिक्किमबारे कुराकानी गर्दा आफ्नै भाषाको नाउँद्वारा चिनाउने गर्छन्। लिम्बू भाषामा *सुखिम* भन्नाले 'नयाँ घर' (सु- नयाँ, खिम- घर वा ठाउँ) भन्ने हुन्छ। इतिहासअनुसार सिक्किमका दोस्रो *छोग्याल* तेन्सुङ नामग्याल (ई १६४४-१७००)-ले लिम्बूवान अरूण उपत्यकाका लिम्बू राजा योयो हाङ कि छोरी मुक्वाँ थुङ्ममालाई तेस्रो रानीका रूपमा विवाह गरेका थिए। राजा तेन्सुङका अन्य दुईवटी रानी (जेठी- तिब्बती, माइली- सेर्पा) भएकाले यी लिम्बू रानीका निम्ति उनले नयाँ घर बनाइ दिएकाले अनि रानीका साथ लागेर आउने धेरैजना लिम्बूहरूका निम्ति सिक्किम एउटा नयाँ घर जस्तै भएकाले पनि लिम्बूहरूले यस ठाउँलाई सुखिम भन्न थाले जो कालान्तरमा अङ्ग्रेजीकृत भइ सिक्किम बन्यो।

## ३.२ सिक्किममा लेप्चा भाषाको व्यवहार: ऐतिहासिक पृष्ठभूमि

स्थान अनि परिवेशसित भाषाको प्रगाढ सम्बन्ध रहेको हुन्छ। कुनै पनि जातिको भौगोलिक अव्स्थितिले भाषाको प्रचलन, प्रचार-प्रसारलाई प्रभाव पार्ने गरेको कुरा भाषा विज्ञानीहरू स्विकार्छन्। एकातिर भौगोलिक एक पक्षीय स्थिरता र स्तरका कारण भाषिक आद्यरूपको चलन पाइन्छ भने अर्कातिर केन्द्रमा स्थापित भाषाहरूको विभेदपूर्ण नीतिले यस्ता भाषाहरूको विकासमा बाधा पुऱ्याएको छ। इको-भाषाविज्ञानीहरूले मानव केन्द्रित भाषिक संरचनाको बढ्दो प्रचलन जैविक पर्यावरणको विनाशको एउटा

[९]सी ए बेल, सन् १९८७, *अ पोर्ट्रेट अव् दलाई लामा: द लाइभ एन्ड टाइम्स अव् द ग्रेट थर्टिन्थ*, विस्डम पब्लिकेसन्स्, पृ २५

[१०]बलराम पाण्डे (सम्पा), सन् २०१८, *भारतीय भाषा लोक सर्वेक्षण, सिक्किमका भाषाहरू*, पूर्ववत्, पृ xxxiii

कारण हुन सक्छ भन्ने मत प्रस्तुत गरेकाले[११] पनि भाषा र पर्यावरण/परिवेशमाझ निकट सम्बन्ध रहेको मान्न सकिन्छ।

एडवर्ड सपिरले भाषा र परिवेशमाझ धेरै नजिकको सम्बन्ध रहने कुरा सन् १९११ तिर नै गरेका हुन्। उनको लेख 'भाषा र परिवेश' प्रथमपल्ट 'अमेरिकन एन्थ्रोपोलजिस्ट'-मा सन् १९११ मा छापिएको हो। यही लेख सन् १९१२ मा क्यालिफोर्निया युनिभर्सिटी प्रेसबाट प्रकाशित 'सेलेक्टेड राइटिङ्ग्स इन ल्याङ्ग्वेज, कल्चर एन्ड पर्सनालिटी'-मा छापिएको पाइन्छ। यस लेखमा सपिरले भाषा र परिवेशको प्रगाढ सम्बन्ध रहने कुरा स्थापित गर्नका लागि भाषा, परिवेश र संस्कृतिबिच रहने परस्पर सम्बन्धको चर्चा गरेका छन्। उनको मान्यताअनुसार परिवेशद्वारा संस्कृतिको निर्माण हुन्छ अनि संस्कृतिको प्रभावमा भाषा रहेको हुन्छ, जसको मूल परिवेश नै हो। उनी लेख्छन्- कुनै पनि भाषाको शब्दभण्डारले वक्ताहरूको वा भाषिक समुदायको भौगोलिक अनि सामाजिक परिवेश प्रतिविम्बित गरेको हुन्छ।[१२] सपिरले लोक परिवेश-परम्पराबारे स्पष्ट रूपमा कुरा नगरे पनि उनको मान्यताले त्यसतर्फ पनि प्रत्यक्ष सङ्केत गरेको बुझिन्छ। कुनै पनि भाषिक समुदायको आफ्नै लोक-साहित्यिक परम्परा रहेको हुन्छ, जसको निर्माणमा परिवेश र सांस्कृतिक परम्पराको ठुलो देन रहेको हुन्छ। यही लोक-परम्पराले भाषिक निर्माण, व्यवहार र प्रचलनमा समेत व्यापक प्रभाव पारेको हुन्छ। आपसी सम्बन्ध, मिथ, धर्म-कर्म, विधि-विधान आदि कुराहरू जनाउने अनि संस्कृति बुझाउने शब्दहरू कुनै पनि भाषामा धेरै सङ्ख्यामा रहेका हुन्छन्। लेप्चा जातिमा पनि यस्तै प्रकारको स्थिति पाइन्छ। उनीहरूका लोककथा, मिथ-मुन्धुम आदिले भाषालाई समृद्ध तुल्याएको छ। लेप्चा भाषामा सिक्किम तथा दार्जिलिङको परिवेश, स्थान, उद्भिद् आदिका नाउँ तथा यस भू-परिवेशसित सम्बन्धित सांस्कृतिक मूल्य रहेका अनेकौँ रीतिथीति, विश्वास, कर्मकाण्ड आदि बुझाउने शब्दहरू प्रशस्त पाइन्छन्।

भौगोलिक परिवेश सँगैसँगै राजनीतिक तथा सामाजिक घटना, इतिहास आदिका कारणले पनि कुनै जातिको भाषिक परिवेश प्रभावित रहन्छ। कतिपय राजनीतिक तथा सामाजिक घटनाका कारणले विस्थापन अनि आप्रवासन जस्ता परिस्थितिले भाषिक भूगोल तथा प्रचलनमा भिन्नता आउँदछ। कतिपय

[११]अल्विन फिल् एन्ड पिटर मूह्लावजर (सम्पा), सन् २००१, *इकोलिङ्ग्विस्टिक्स: ल्याङ्ग्वेज इकलजी एन्ड एन्वाइरन्मेन्ट*, लन्डन : कन्टिनम, पृ ५

[१२]एडवर्ड सपिर, सन् २००१, 'ल्याङ्ग्वेज एन्ड इन्वायरमेन्ट', अल्विन फिल एन्ड पिटर एम (सम्पा), द *इकोलिङ्ग्विस्टिक रिडर*, लन्डन : कन्टिनम, पृ १३-१५

स्थितिमा भाषाको भौगोलिक सीमा विस्तारित हुन्छ भने कतिपय स्थितिमा यो सङ्कुचित बन्छ। यी दुवै अवस्थाले भाषाको प्रचलनमा व्यापक प्रभाव पारेको हुन्छ साथै विविधता पनि ल्याएको हुन्छ।

मूल रूपमा आफुलाई 'रोङ' अथवा ईश्वरका प्रिय छोराछोरी मान्ने लेप्चाहरू 'बृहत् सिक्किम'[१३] -का बासिन्दा हुन् अनि उनीहरूको भाषाले समेत त्यस कुरालाई सत्यापित गरेको पाइन्छ। यी क्षेत्रहरूका धेरैजसो ठाउँ, खोला-नाला, पहाड-पर्वत आदिको नाउँ लेप्चा भाषामा रहेको पाइन्छ। तथापि कालान्तरमा अन्य जातिहरूको आगमनसँगै सत्ता र शक्तिको हुरी चल्यो। विभिन्न राजनीतिक एवम् सामाजिक दाउपेच अनि घटनाका कारणले लेप्चाहरू उपान्तकृत भए। धेरै लेप्चाहरू आफ्नो मूल थलोबाट विस्थापित भए, फलस्वरूप उनीहरूको भाषा अनि भाषिक प्रचलन र व्यवहार पनि प्रभावित बन्यो। लेप्चा भाषाका धेरै भौगोलिक रूप र भाषिकाको विकास भयो। यस्ता कतिपय राजनीतिक घटनाका कारणले विस्थापित भएका कारण लेप्चाहरूको भाषिक प्रचलनमा देखिएका क्षेत्रगत विविधताको अध्ययन एउटा शोधको विषय हुन् सक्छ। यस अध्ययनको कार्यक्षेत्र भिन्न भएकाले सामान्य किसिमले विभिन्न ऐतिहासिक घटनाका कारण आफ्नो मूलबाट विस्थापित लेप्चा जातिको आप्रवासनद्वारा विकसित लेप्चा भाषिक भूगोल अनि क्षेत्रगत भाषिक विविधताको रेखाङ्कन गरी सिक्किम राज्यका चारवटा जिल्लामा पाइने भाषिक प्रयोग विविधता देखाउने प्रयास यस अध्ययनमा गरिएको छ।

### ३.२.१ ऐतिहासिक पृष्ठभूमि

ईस्वीको आठौँ शताब्दीभन्दा अघि सिक्किमको समाजबारे कुनै किसिमको सूचना अन्य मुलुकहरूमा रहेको थाहा लाग्दैन।[१४] यो मूल रूपले लेप्चा परम्परामा आधारित थियो।[१५] सिक्किम तथा दार्जिलिङ-कालेबुङ क्षेत्रका स्वस्थानिक आदिम जाति लेप्चाहरू हुन्[१६] जसलाई *रोङ* अथवा *रोङपा* नामले चिनिन्छ।[१७] लेप्चाहरू आफुलाई *मुतान्ची रोङकप* वा *रोङकप/रोङ* भन्ने गर्छन्, जसको अर्थ हुन्छ 'ईश्वरका प्रिय छोरा-छोरी'।[१८]

---

[१३]सन् १७००-०१ मा सिक्किममाथि भूटानको आक्रमण हुन अघि अनि कालेबुङ क्षेत्र भूटानी शासनमा गाभिन अघि; सन् १८१७ मा तितलिया सन्धि; सन् १८३५ को दार्जिलिङको अनुदान पत्र; सन् १८६५ को सिन्चुला सन्धि आदि जस्ता घटना अनि सम्झौता अघि सिक्किमको भौगोलिक सीमा उत्तरपूर्वमा तिब्बतको छुम्बी भेल्ली पश्चिममा नेपालको इलाम जिल्ला तथा दक्षिणमा पश्चिम बङ्गालको कुचबिहार अनि तितलियासम्म रहेको विवरण पाइन्छ।

[१४]एलिस क्यान्डेल, सन् १९७१, *सिक्किम: द हिडन किङ्डम*, न्यु यर्क : गार्डन सिटी डबल डे, पृ ३६

[१५]पर्सी ब्राउन, सन् १९४४, *टोर्स् इन सिक्किम एन्ड दार्जिलिङ*, कलकता : डब्ल्यु न्यु मेन, पृ ४

[१६]ए के ब्यनर्जी एन्ड एट अल. (सम्पा), सन् १९७०,*दार्जिलिङ: वेस्ट बेङ्गल डिस्ट्रिक्ट ग्याजेटियर*, पृ ३

[१७]एच एच रिसले, सन् २००१,द *गेजिटियर अव् सिक्किम*, डी के पब्लिसर डिस्ट्रिब्युटर, प्रा लि,  पृ १

[१८]के पी ताम्साङ, सन् १९८०, *दि लेप्चा इङ्ग्लिस इन्साइकोप्लेडिक डिक्सनेरी*, कालेम्पोङ: आइ एल टी ए

लेप्चालाई सिक्किमको प्राचीन जाति मानिन्छ। लेप्चा भारतको अनुसूचित जनजातिको सूचीमा पर्दछ भने सिक्किम सरकारले उनीहरूलाई आदिम जनजातिको मान्यता दिएको छ। लेप्चा जातिका प्राचीन गाथा, मिथ कथा, गीत आदिमा सिक्किमकै प्रसङ्ग पाइएकाले पनि उनीहरू यस भूभागका आदिम जाति हुन् भन्न सकिन्छ। उनीहरूको लोक परम्परामा आदिम सभ्यताको स्मृति चित्र पाइने हुनाले उनीहरूको पारम्परिक जीवन-शैली स्पष्ट हुन्छ। सिक्किम राज्य, पश्चिम बङ्गालको दार्जिलिङ र कालेबुङ जिल्ला, पूर्वी नेपालको इलाम साथै छिमेकी राष्ट्र भूटानका धेरै स्थान, खोला-नाला, पहाड-पर्वत, पोखरी-झील अनि उद्भिद् आदिका नाउँ लेप्चा भाषामा पाइएकाले उनीहरूलाई यस क्षेत्रका आदिवासीका रूपमा चिन्न सकिने स्पष्ट आधार रहेको छ।[१९] वाडेल (१८९१)-ले प्रस्तुत गरेको दार्जिलिङ जिल्ला अनि सिक्किमका धेरैवटा स्थान र खोला-नालाहरूको नामको अध्ययनलाई सम्बन्धित विषयको महत्त्वपूर्ण दस्तावेज मान्न सकिन्छ। यी नामहरू व्युत्पत्तिगत अनि सांस्कृतिक रूपले लेप्चा मूलको रहेको कुरा उनले बताएका छन्। उनले लेप्चा भाषामा पोख्त समुदाय उपस्थित रहुन्जेल यी ठाउँहरूका नामको अध्ययन सही रूपमा हुन सक्ने सम्भावना पनि व्यक्त गरेका छन्।[२०] अहिले आएर यस्ता नामहरू परिवर्तन र विकृत अनि धेरै नामहरू लुप्तप्रायः भएका छन्, जसले लेप्चा भाषाको वर्तमान अवस्थातर्फ पनि इङ्गित गरेको छ।[२१] राई अनि राई (२०१७)-अनुसार नेपालको इलाम क्षेत्रमा भएका धेरै जस्ता लेप्चा स्थान नामहरू विकृत वा परिवर्तित भइसकेका छन् भने आज पनि धेरै यस्ता नामहरू लेप्चा भाषामै रहेका छन्। उदाहरणका लागि जिल्ला र सदर मुकामको नाम इलामलाई लिन सकिन्छ, जो लेप्चा भाषामा रहेको नाम हो।[२२] यस्ता विविध आधिकारिक साथै निजी अध्ययनले लेप्चा जातिलाई उल्लिखित क्षेत्रको आदिवासी ठहर गरेको छ।

रोङ वा लेप्चा जातिको प्राचीन उपस्थिति बारे विभिन्न स्रोत, सन्दर्भ र प्रलेख आदिले गरेको पुष्टि अनि प्रामाणिक तर्कका आधारमा सिक्किमको सर्वप्राचीन भाषा *रोङरिङ* वा लेप्चा भाषा मानिएको छ। कतिपय विद्वान्हरूले सिक्किममा लेप्चा जाति सँगसँगै मगर अनि चोङ वा लिम्बू जाति पनि प्राचीन कालदेखि बसोबास गर्दै आएका हुन् अनि उनीहरूको आफ्नै भाषा र प्राचीन लिपिसमेत उपलब्ध थियो

[१९]आर एन ठाकुर, सन् १९८८, *हिमालयन लेप्चाज्*, न्यु दिल्ली : आर्काइभ पब्लिसर्स, डिस्ट्रिब्युटर्स, पृ २७-३०

[२०]एल ए वाडेल, सन् १८९१, 'प्लेस एन्ड रिभर नेम्स इन् द दार्जिलिङ डिस्ट्रिक्ट एन्ड सिक्किम', *जर्नल अव् एसियाटिक सोसाइटी अव् बेङ्गल*, एल एक्स भाग-I, कलकत्ता : एसियाटिक सोसाइटी, पृ ५१-५४

[२१]ओ टी लेप्चा गौलोक, सन् २०१०, *विकृतिको रूपमा बाँचेका लेप्चा नामाकरण*, गान्तोक : प्रकाशक सोनाम लेप्चा, पृ १-८

[२२]नवलकिशोर राई र नेत्रमणि दुमी राई, सन् २०१७, *इलामका लाप्चाजाति र स्थाननाम*, काठमाडौँ : एकता बुक्स प्रा लि, पृ ५६

भन्ने मत[२३] प्रस्तुत गरेका भए तापनि त्यस किसिमका मान्यतामा बहुमत नरहेको देखिन्छ। वर्तमान कालमा जातीय एवम् सांस्कृतिक इतिहास-चेतना तथा राजनैतिक चिनारी खोज्ने नयाँ लहरले जातजातका इतिहासको पुनर्निर्माण गर्ने होडबाजी चलेकाले प्राचीनताको मोहर धेरै जातिको इतिहासमा लगाउने काम भइरहेको देखिन्छ। तर एउटा उल्लेखनीय कुरा के छ भने लेप्चा जातिका प्राचीन मिथ-कथा, लोक-साहित्य, लेप्चा पुरोहित-मुन्-बुङथिङका मुन्धुम आदिमा 'मायल् ल्याङ' वा सिक्किमकै सन्दर्भ उल्लिखित छ। कतिसम्म भने उनीहरू आफुलाई कञ्चनजङ्घाको हिउँबाट सृष्टि भएका आदि पुरुष फादोङ थ्युङ अनि स्त्री नाजोङ ञ्युको सन्तान मान्दछन्। उनीहरूको यही सृष्टि कथा अनि आस्थालाई आधार गरेर नै धेरै मानवशास्त्री, समाजशास्त्री तथा इतिहासकारहरूले उनीहरूलाई सिक्किम तथा दार्जिलिङ क्षेत्रका 'अटाकथन' वा स्वस्थानिक आदिवासी मानेका छन्।[२४] अर्कातिर चोङ अथवा लिम्बू अनि मगरहरूको पनि सिक्किममा पुरानो इतिहास रहेको पाइएको छ साथै धेरै स्थाननाम पनि यी दुवै भाषामा रहेका छन् अनि केही मगरजोङ वा मगर राजाका दरवार र सैन्य किल्लाका अव्शेष पनि पाइएका छन्। यी सन्दर्भहरूले सिक्किममा यी दुवै जातिको उपस्थिति प्राचीन रहेको स्थापित गरे तापनि लेप्चा जातिझैँ यिनीहरूको सृष्टि तथा लोककथा अनि प्राचीन गाथा-मुन्धुम आदिमा प्राचीन सिक्किमको सन्दर्भ उति नपाइएकाले अनि उनीहरूका लोककथा, मुन्धुम गाथा आदिमा नेपालको लिम्बूवान क्षेत्र तथा मगराँत अनि किराँत भूखण्डको प्रसङ्ग धेर पाइएकाले[२५] पनि यी जातिहरूलाई लेप्चा जातिझैँ सिक्किमका प्राचीन जाति मान्न सकिन्न। तर सिक्किमका लेप्चा जातिसित पहिलोपल्ट सम्पर्क अनि संसर्गमा आउने जाति भने लिम्बू र मगर नै हुन्।[२६]

लेप्चाहरू आफ्नो भाषालाई *रोङरिङ* भन्ने गर्छन्। उनीहरू आफ्नो भाषाको उत्पत्ति सिक्किमबाट नै भएको मान्दछन्। लेप्चा जाति यस भूभागका आदिम वा सर्वप्राचीन जाति भएकाले उनीहरूले व्यवहार गर्ने भाषा '*रोङ-अरिङ'* वा '*रोङरिङ*'-लाई यहाँको प्राचीन भाषा मान्न सकिन्छ। लेप्चा जातिका प्राचीन मिथ-कथा, लोक-साहित्यमा *मायल् ल्याङ* अथवा सिक्किमकै सन्दर्भ पाइन्छ। लेप्चा भाषाको प्राचीन नमुना मुन्-बुङथिङले फलाक्ने मुन्धुममा पाइन्छ अनि यस्ता श्रुति-आख्यानहरूमा कञ्चनजङ्घा, टिस्टा-

---

[२३]जी पी सिंह, सन् १९९०, *प्राचीन भारतमा किरातहरू*, (नेपाली अनुवाद, टी बी राई), नाम्ची : निर्माण प्रकाशन, पृ २३७-२३८

[२४]ए के बेनर्जी एन्ड एट अल. (सम्पा), *दार्जिलिङ: वेस्ट बेङ्गल डिस्ट्रिक्ट ग्याजेटियर*, एच एच रिस्ले, द *गेजिटियर अव् सिक्किम*, पूर्ववत्

[२५]धनहाङ सुब्बा, सन् २००८, *लिम्बुवानका लोककथा*; डोरबहादुर बिष्ट, सन् १९८०, *पिपल अव् नेपाल* इमानसिंह चेम्जोङ, सन् १९५२, *किराँत इतिहास*; चन्द्रकुमार सेरमा लिम्बू, सन् २००९, *किराँतका गाथा कथा र लोक कथाहरू*

[२६]ए सी सिन्हा, द *हिमालयम कम्युनिटिज*; जी पी सिंह, *प्राचीन भारतमा किरातहरू*; थुटोप नामग्याल एन्ड येस्सी डोल्मा, *हिस्ट्री अव् सिक्किम*, पूर्ववत्

रङ्गित, राङभाङ, टेन्डोङ, मैनाम, लगायत दार्जिलिङ, कालेबुङ अनि इलाम क्षेत्रका पहाड-पर्वत, खोला-नाला अनि उद्भिद् आदिको नाउँसमेत पाइने हुनाले पनि लेप्चा भाषालाई प्राचीन कालदेखि नै यस क्षेत्रमा प्रचलनमा रहेको भाषा मान्न सकिन्छ।

इमानसिंह चेम्जोङ लेप्चा जातिलाई पूर्व नेपालको इलाम जिल्लाका आदिवासी मान्दछन्। उनको मतअनुसार लेप्चाहरू पछिबाट इलामदेखि दार्जिलिङ, कालेबुङ, सिक्किम अनि भूटानतिर फैलिए।[२७] चेम्जोङले लेप्चाहरूलाई पनि किराँत वंशमध्येको एउटा शाखा मानेका छन् अनि राई, धिमाल, मेचे, कोचे, काचीन तथा लिम्बू आदि वंशज भाइहरूले केराको झ्याङ फाँड्दै, गोहो र रुखमा लगाइएका चिह्न हेर्दै, पछ्याउँदै जाँदा अल्मलिएर पूर्वी नेपालको इलाममा आएर बसेका हुन् भन्ने किंवदन्ती प्रस्तुत गरेका छन्। आफ्नो भनाइ पुष्टि गर्न चेम्जोङले किराँत राजा सङ्कालदिपको ऐतिहासिक प्रसङ्गलाई अघि सार्दै लेप्चा जातिलाई सङ्कालदिपका सेनासित युद्ध गर्ने पर्सियाका राजा अप्रासियाका जर्नेल पिरान मिसाहको नेतृत्वमा आएको मङ्गोल सेनाका अंश भनी उल्लेख गरेका छन्।[२८] चेम्जोङले लेप्चाहरूलाई इलामका मङ्गोल वंशीय पुराना बासिन्दा माने तापनि सिक्किमको इतिहासले भने लेप्चाहरू सन् १८२६ मा भएको लेप्चा प्रधानमन्त्री छेन्जोक बोलेकको हत्याकाण्डपछि मात्र इलामतर्फ भागेर शरण लिई बसेको कुरा पुष्टि गर्दछ।[२९] लेप्चाहरू सिक्किमबाट अन्यत्र फैलिएका थिए। उनीहरूका पनु वा मुखियाले आफ्नो राज्य विस्तार गरेर कुनै समयमा मधेसको मोरङ-तितलिया अनि पश्चिमतर्फ अरूण-अम्बर नदी तथा इलामसम्म विस्तार गरेका थिए भन्ने कुरो हुकरले प्रस्तुत गरेका छन्।[३०] लेप्चाहरूबारे एउटा रोचक प्राचीन ऐतिहासिक तर पूर्ण रूपले सहमत हुन नसकिने प्रसङ्गबारे धरणीधर दाहालले चर्चा गरेका छन्। उनको मतअनुसार ईसापूर्व ४५० तिर अलेक्ज्यान्डरका विरुद्धमा लड्नका निम्ति चन्द्रगुप्त मौर्यलाई सहयोग गर्न तत्कालीन लेप्चा राजा पोहरतक पनुले आफ्नो लेप्चा सेना तक्षशीला पठाएका थिए। दाहालअनुसार लेप्चा जातिको सांस्कृतिक एवम् ऐतिहासिक ग्रन्थ *चुनाख नाम्थर*मा उक्त कुराको उल्लेख पाइन्छ।[३१] उक्त ग्रन्थ अनुपलब्ध रहेकाले यस शोधकर्ताले प्राप्त गर्न सकेन। दाहालको उक्त ऐतिहासिक विवरणलाई यस अध्ययनमा लोक स्मृतिमा बाँचेको एउटा सामूहिक कथा मानिन्छ। दाहालले पोहरतक

[२७]ईमानसिंह चेम्जोंग, सन् १९६९, *लाप्चा-नेपाली-अङ्ग्रेजी शब्दकोश*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ क

[२८]ईमानसिंह चेम्जोंग, *लाप्चा-नेपाली-अङ्ग्रेजी शब्दकोश*, पूर्ववत्, पृ ग-घ

[२९]आर के स्प्रिक, सन् २००५, *सेडिङ सम लाइट अन् दि हिस्ट्री, ल्याङ्ग्वेज, लिटरेचर अव् दि लेप्चाज्*, कालेम्पोङ : आईएलटीए, पृ १६

[३०]जे डी हुकर, सन् १९९९, *हिमालयन जर्नल्स- भोल्युम I*, देहरादुन : नटराज पब्लिसर्स, पृ ३८०-३९०

[३१]धरणीधर दाहाल, सन् १९९६, *संस्कृति अनेक हामी एक*, नाम्ची : निर्माण प्रकाशन, पृ ७७

पनुको कुरा गरेका भए तापनि लेप्चा जातिबारे अध्ययन गर्ने अन्य अध्येताहरूले त्यस कुराको चर्चा गरेका छैनन्। सबै अध्येताहरूले तेह्रौँ शताब्दीका तर्भे पनुलाई नै लेप्चाका प्रथम पनु वा राजा मानेका छन् अनि सत्रौँ शताब्दीका थेकुङ मेन्सोलोङलाई अन्तिम राजा मानेका छन्। यी माथिका ऐतिहासिक प्रसङ्ग आदिले लेप्चा भाषाको परम्परा विकास र विस्तारबारे पनि कुनै न कुनै रूपमा जानकारी उपलब्ध गराउँदछ। यी ऐतिहासिक विषयवस्तुका आधारमा लेप्चाहरूको भाषिक सम्पर्क अनि व्यवहारको ऐतिहासिकता बुझ्न सकिन्छ।

लेप्चाबारे भएका मानविकी अध्ययनले उनीहरूको प्राचीनतासँगै आप्रवासनको सन्दर्भहरूलाई पनि प्रस्तुत गरेको छ। रोङहरूको परम्पराअनुसार उनीहरू मूलमा सिकार गर्ने जाति हुन् अनि उनीहरू आदिकालदेखि सिक्किमका वनजङ्गलमा गुजारा गर्थे। सिक्किम, दार्जिलिङ अनि नेपालको इलाम आदि पहाडका जनावर, जीव जन्तु, रुख-पात, फल-फुल, स्थान, खोला-नाला, पोखरी अनि हिमाल अनि पहाड आदिबारे उनीहरूमा पूर्ण ज्ञान रहेको पाइन्छ। औषधी, जडीबुटी गुणका विशाल अनि विषाक्त उद्भिद्हरू उनीहरू चिन्दछन्। भनिन्छ आदि कालमा उनीहरू विषालु काँडाका उद्भिद्द्वारा विष निकालेर काँड बनाउथे। निङध्युत र रोगलग जस्ता जराहरूको विषद्वारा सिकार मार्थे अनि शत्रुमाथि हमला गर्थे।[३२] मानव शास्त्रीय विभाजनअनुसार लेप्चाहरू दुई स्वरूपका छन्। एकथरीका लामो, सानो अनुहार, अग्लो निधार, अग्लो सलक्क परेको नाक, अलि ठुला आँखा, बाक्लो आँखीभौ भएका मध्यम खालको शीर भएका मेसोसेफालिक (mesocephalic) अथवा लामो पातलो शीर भएका (Dolichocephalic), अग्ला कदका अनि हल्का पहेँलो छाला भएका हुन्छन् भने अर्काथरीका चौडा र छोटो अनुहार भएका, अलि झरेको चौडादार निधार र खबटे अनुहार भएका, चेप्टो नाक भएका, मङ्गोलहरूको जस्तो आँखा भएका पातलो ओठ भएका चौडादार छोटो शीर (brachycephalic) अनि हल्का पहेँलो छाला भएका हुन्छन्। दुवैका शरीरमा दाह्री-जुङ्गा अनि हल्का रौँ हुने गर्दछ।[३३] मानवशास्त्रीहरूले लेप्चाहरूलाई मङ्गोल अनि मङ्गोलइतर वंशजमा छुट्ट्याएका छन्। धर्म र आर्थिक-व्यवसायिक पक्षका आधारमा यस्तो विभाजन गरिएको छ। केही अध्ययनअनुसार एउटा समूह सिकार खेल्ने अनि अर्को खेती गर्ने रहेको पाइएको छ। सिकार खेलेर गुजारा गर्ने लेप्चाहरू अग्ला कदका, अलि बलिया पाखुरा भएका, ठुला

---

[३२]सतिन्दर कुमार (सम्पा), सन् २०००, *इनसाइक्लोपेडिया अव् साउथ एसियन ट्राइब्स*, भोल्युम ६, न्यु दिल्ली : अनमोल पब्लिकेसन प्रा लि, पृ १९८८

[३३]सतिन्दर कुमार, *इनसाइक्लोपेडिया अव् साउथ एसियन ट्राइब्स,* पूर्ववत्, पृ १९९५

आँखा भएका, अग्लो सलक्क नाक भएका हुन् भने खेती गर्ने लेप्चाहरू अर्कै प्रजातिका हुन्।[३४] यसैले लेप्चाहरूमा उहिल्यै देखि नै मिश्रित संस्कृति रहेको बुझिन्छ। कतिले लेप्चाहरू तिब्बतबाट आएको मानेका छन् भने कतिले बर्मा-असम हुँदै कोचे-मेचेको संसर्गमा पूर्वतिरबाट आएको मानेका छन्। माथि उल्लेख गरिएका अघिल्ला किसिमका सिकार खेल्ने लेप्चाहरूचाहिँ सिक्किमकै उपज रहेको अनि कृषि व्यवसायमा लाग्नेहरूचाहिँ बर्मातिरबाट आएका हुन् भन्ने धारणा पनि पाइन्छ। उनीहरूको ऐतिहासिक एवम् सांस्कृतिक पक्षबारे कतिपय अध्ययन पाइए तापनि उनीहरूको सामुदायिक इतिहास अनि सामूहिक स्मृतिमा अन्यत्रैबाट *मायल् ल्याङ* वा सिक्किममा आप्रवासन गरेको सन्दर्भ भने पाइँदैन।

लेप्चाहरूको लोकवार्ता, कथा र मिथ आदिमा उनीहरूको सभ्यताको आदिबिन्दु कञ्चनजङ्घा र यस वरिपरिको भूभाग मानिएको पाइन्छ।[३५] लेप्चाहरूलाई सिक्किममा रेन्जोङमो, दार्जिलिङमा तामसाङमो, नेपालको इलाम अञ्चलमा इलामो र भूटानमा प्रोमो नामले पनि चिनिन्छ।[३६] केही तिब्बती स्रोतअनुसार बौद्ध लामावादको प्रचार-प्रसार गर्न भनी आठौँ शताब्दीमा तत्कालीन दलाई लामाको निम्तोमा तिब्बत आएका गुरुपद्मसम्भव *मायल्-ल्याङ* वा तत्कालीन सिक्किममा समेत आएका थिए अनि केही समयका निम्ति तप गरेका थिए। स्रोतअनुसार तिनताक पद्मसम्भव वा गुरु रिम्बोछेले सिक्किमका केही ठाउँहरूमा दुर्लभ वस्तु रहेको अगमवाणी गरेका थिए। उनले ती मूल्यवान् वस्तु अनि त्यस प्रदेशको संरक्षण गर्न तिब्बती मूलका कुनै कुलले राज गर्ने भविष्यवाणी समेत गरेका थिए भन्ने सन्दर्भ स्थानीय श्रुतीमा रहेको थाहा लाग्छ। वास्तवमा १६औँ शताब्दीमा तिब्बतमा गेलुक अनि निञ्मा पन्थी लामाहरूबिच आन्तरिक कलह भएको अनि गेलुक लामाहरूलाई मङ्गोलियाका चिङ्गेज खानका उत्तराधिकारीहरूको समर्थन रहेकोले निङमा लामाहरू असुरक्षित भए। तिब्बतमा असुरक्षित भएपश्चात सुरक्षित बास खोज्न भनी उनीहरू दक्षिणतर्फ लागे र सिक्किम पसे।[३७] यी लामाहरूले नै वास्तवमा पद्मासम्भव सिक्किम आएको तथा उक्त भविष्यवाणी गरेको कुरालाई प्रचार-प्रसार गरे जसद्वारा सोझा-साझा लेप्चा, लिम्बू तथा मगरहरूमाथि उनीहरूको राज सुनिश्चित गरियो।

[३४]सतिन्दर कुमार, पूर्ववत्

[३५]जर्ज कटुरन, सन् १९८६, *दि हिमालायन गेटवे, हिस्ट्री एन्ड कल्चर अव् सिक्किम*, न्यु दिल्ली : इङ्ग्लिस पब्लिसर्स प्रा लि, पृ १६

[३६]जे आर सुब्बा, *हिस्ट्री कल्चर एन्ड कस्टमस् अव् सिक्किम*, पूर्ववत्, पृ २४९

[३७]सेगर हाफदन, सन् १९६७, द *लेप्चाज्ःकल्चर एन्ड रिलिजन अव् ए हिमालयन पिपल*, कोपनहेगन : द नेसनल म्युजियम एव् डेनमार्क, पृ २७-२८

सिक्किममा तिब्बती भोटियाहरूको आगमन तेह्रौँ-चौधौ शताब्दीदेखि भएको मानिन्छ। तिब्बतको छुम्बी प्रान्तका मुखिया खेबुम्सा नै लेप्चाहरूको प्रदेश मायल् ल्याङमा पस्ने पहिलो उपनिवेशक हुन्। आफ्ना सन्तान नभएकाले उनले उत्तर सिक्किमको काभी-लुङ्चोक[३८] -मा बसेका लेप्चा मुखिया अनि बुङथिङलाई भेटेर सन्तान प्राप्तिको वर माँगी[३९] भ्रातृत्वको सन्धि गरे। यसै समयदेखि तिब्बती लामाहरूको सिक्किम आवागमन सुरु भएको मानिन्छ। सिक्किममा लेप्चाहरूपछि तिब्बती मूलका भोटियाहरूको बसोबास प्रारम्भ भएको मानिए तापनि ती मान्यताहरूको मूल स्रोत सिक्किमको राजदरबार नै भएकाले उक्त स्रोत पूर्णतः तथ्यपूर्ण हो भनी स्वीकार्न सकिन्न। वास्तवमा आजभोलि भइरहेका अध्ययनहरूले अधिको दरबारकेन्द्री इतिहासलाई पूर्वाग्रहयुक्त मानेका छन्। सिक्किममा लेप्चापछि चोङ र मगर जातिको आगमन र बसोबास रहेको थियो[४०] भन्ने एकाधिक स्रोत पनि फेला पर्दछ।

सिक्किम तथा दार्जिलिङ क्षेत्रका धेरैजसो स्थान र नदी अनि खोला-नालाका नाउँहरू लेप्चा भाषामा पाइन्छ। सन् १८९१ मा सिक्किम तथा दार्जिलिङ क्षेत्रमा स्थान र खोला-नालाको नाउँको अध्ययन गर्ने क्रममा एल ए वाडेलले सिक्किम मूलका आदिम जाति लेप्चाहरू अझसम्म अस्तित्त्वमा रहेका हुनाले यस क्षेत्रका खोला-नाला र पुरानो स्थान नामहरूको व्युत्पत्तिगत अर्थको अध्ययन सम्भव दखिन्छ भन्ने मत व्यक्त गरेका छन्।[४१] लेप्चाहरूमा स्थान, खोला-नाला, पशुपक्षी र उद्भिद्हरूको नाम राख्ने चलनलाई हेर्दा पनि यस भूभागसित उनीहरूको सम्बन्ध धेरै पुरानो रहेको थाहा लाग्छ। उदाहरणका लागि लेप्चा भाषामा खोलानालाहरूको नाम जति सबै 'र' ध्वनिबाट रहेका छन् भने हालसम्म यस्ता धेरै नाम पदको आदिमा'र'ध्वनि नै रहेको पाइन्छ। केही प्रमुख नदीहरूमा रङ्न्यु, रङ्गित, रम्फू, रियाङ, रूस्योत, राङभाङ, रूक्दुङ, राङराङ, रेसी, राथोङ आदि उल्लेखनीय छन्।

---

[३८]काभी लुङचोक भन्नाले लेप्चा भाषामा हाम्रो खुन अनि ठाडो पारेर गाडिएको ढुङ्गा (कयुसाभी-हाम्रो खुन, लुङचोक- ठाडो पारिएर गाडिएको ढुङ्गा) भन्ने अर्थ लाग्छ।

[३९]सन्तान प्राप्तिका लागि थेकुङतेकको आशीर्वाद लिन खेबुम्सा सिक्किम आएका हुन् भन्ने प्रसङ्गबारे पनि केही शङ्का उपशङ्का रहेकै छन्। प्राचीन तिब्बतमा खुनको सन्धि गर्ने परम्परा रहेको भए तापनि तेह्रौँ चौधौँ शताब्दी भन्दा धेरै अघि नै उक्त प्रथा मासिसकेको थियो भन्ने जानकारी तिब्बती भाषा समाज संस्कृतिका आदि अध्येता सावल मूल्लड दिन्छन्भने तिब्बतको साङ प्रान्तमा रहेको मेसाङ पर्वतलाई त्यहाँका बासिन्दाहरूले सन्तान प्राप्तिका निम्ति फोल्पो नामले पुज्ने गरेको प्रसङ्गले पनि खेबुम्साको सिक्किम यात्रालाई उपनिवेशको पहिलो पाइलो मान्न सकिने सम्भावना पनि त्यतिकै प्रशस्त देखिन्छ।

[४०]अव्देस कोमरसिन्हा, सन्१९८३, द *हिमालायन कम्युनिटिज,* न्यु दिल्ली: बुक्स टुडे, पृ ४-५

[४१]एल ए वाडल, 'प्लेस एन्ड रिभर नेम्स इन द दार्जिलिङ डिस्ट्रिक एन्ड सिक्किम', *जर्नल अव् एसियाटिक सोसाइटी*, नम्बर २, पूर्ववत्, पृ ५८

### ३.२.२ लेप्चा जातिको इतिहास अनि भाषिक प्रचलनका चरणहरू

### ३.२.२.१ पहिलो चरण

सिक्किममा अघि केवल लेप्चाहरू मात्र बसोबास गर्थे। जङ्गल, प्रकृति सम्पदाले भरिभराउ थियो। गिट्ठा, भ्यागुर खाएर, सिकार खेलेर, माछा मारेर उनीहरू गुजारा गर्थे। उसबेला नयाँ विकासका कुराहरू अथवा प्रौद्योगिकी आदि जस्ता विषयको विकास भएको थिएन। अन्य समुदायसित अन्तर्मिश्रण थिएन। पुरानो आदिम सभ्यता अनि सग्लोभाषा-संस्कृति बाँचेको थियो। उनीहरू परिवर्तीय खेती (सिफ्टिङ कल्टिभेसन) गर्थे।

हर्मन मथियास (१९५४) भन्छन्- सिकार खेलेर, माछा मारेर, गिट्ठा भ्याकुर खाएर गुजारा गर्ने अग्लो कद भएका लेप्चाहरू सिक्किमका प्राचीन लेप्चाहरू हुन् भने खेतीपाती गर्ने, मङ्गोल वंशज झैँ देखिने होचो कद भएका लेप्चाहरू पछिबाट आएका हुन्। सिक्किम पस्नअघि उनीहरूको नागा, लोलो र मिआउ जातिसित सांस्कृतिक सम्मिश्रण भएको मान्न सकिन्छ।[४२] मथियासको यस अध्ययनलाई सहजै स्वीकार्न नमिल्ने देखिन्छ, कारण भोटियाहरूको आगमनपूर्व लेप्चा समाजमा जातिय सम्मिश्रण भएको तथ्य भाषावैज्ञानिक वा समाज भाषावैज्ञानिक अध्ययनद्वारा फेला पर्दैन। लेप्चाबारे यस्ता कैयौँ अध्ययनहरू भएका छन्। तर यी अध्ययनहरू धेरै जसो युरोपका मानवशास्त्री अनि भारतका इतिहासकार एवम् मानवशास्त्रीद्वारा गरिएको छ, जसले नजिकैबाट लेप्चा जीवन-शैली देखेका छैनन्। उनीहरूको यस किसिमका अध्ययनहरू केही दिनको क्षेत्रकार्य अथवा सिक्किमको राजदरवारका स्रोतबाट सिर्जित पाइन्छ। यसैले गर्दा पनि फोनिङ (सन् २००३) भन्छन्- "लेप्चा जातिबारेभएका अध्ययनले उनीहरूका जीवनका धेरै पक्षहरूलाई पूर्ण रूपले प्रस्तुत गरेको पाइँदैन।[४३] वस्तुत; लेप्चाहरूको इतिहास र भाषिक प्रचलनको पहिलो चरणबारे पूर्ण विवरण अप्राप्य रहेको बुझिन्छ।

### ३.२.२.२ दोस्रो चरण

सिक्किमको इतिहास हेर्दा लेप्चाहरूपछि सिक्किममा चोङ[४४] र मगरहरू पनि बसोबास गर्न थाले जसले लेप्चा समाजमा पहिलो जातीय अनि सांस्कृतिक अन्तर्मिश्रण ल्याएको मान्न सकिन्छ। चोङ अनि

[४२]हर्मन मथियास, सन् १९५४, द इन्डो *टिबिटेन्स् एन्ड मोङ्गोलोयिड्स प्रब्रल्म इन द साउदन हिमालय एन्ड नर्थइस्ट इन्डिया*, बम्बे : के सी फर्नान्डेस, पृ १०५-१०६

[४३]ए आर फोनिङ, सन् २००३, *लेप्चा माइ भेनिसिङ ट्राइव*, कालेम्पोङ : च्यु पान्दी फाम, पृ XX

[४४]अर्पणा भट्टचार्य, (कितापमा प्रकाशन साल दिइएको छैन), द *फियर विल एन्ड स्केपट्रे: सिक्किम*, बम्बई: नचिकेता पब्लिकेसन्स लि, पृ ९१

मगरका संसर्गमा रहे तापनि उनीहरूको आआफ्नै कार्यपद्धति र शासन व्यवस्था थियो। उनीहरूबिच कुनै किसिमको वैवाहिक सम्बन्ध अनि झैझगडा भएको पुष्टि इतिहासमा पाइँदैन। तथापि यी तीनै जातिका मानिसहरू आप्रवासनका क्रममा भेटघाट हुने गरेको मान्न सकिन्छ। सिक्किमका पुराना स्थाननामहरूलाई विचार्दा पनि यस कुराको पुष्टि हुन्छ। यी नामहरू धेरोजसो लेप्चा भाषामा केही मगर भाषामा अनि केही लिम्बू भाषामा पाइएको छ। यसले सामाजिक सम्पर्कमा मगर र लिम्बू भाषाहरू पनि प्रचलनमा रहेको कुरा पुष्टि गर्दछ। सम्भवतः आपसी भाषिक सम्पर्कका कारण यी जातिहरूमाझ एकाअर्काको प्रभाव पर्न गयो।

### ३.२.२.३ तेस्रो चरण

माथि उल्लेख भएअनुसार लिम्बू र मगरपछि तिब्बतमा भएको निङमा अनि ग्यालुक लामाहरूबिचको अन्तर्कलहका कारण निङमा लामाहरू सिक्किम भित्रिए। कालान्तरमा उनीहरूले सिक्किममा केन्द्रीय शासन व्यवस्था सुरु गरे। सन् १६४२ मा फुन्सोक नामग्याल सिक्किमका धर्मराजा भए। सिक्किममा लेप्चा संस्कृति, धर्म, भाषा र लिपिको ठाउँ तिब्बती लामावादी धर्म, संस्कृति अनि भाषाले ओगट्यो। यसपछि जति जति तिब्बती अनि भोटिया भाषाको वर्चस्व बढ्दै गयो उति नै लेप्चा भाषाको प्रचलन सीमित हुँदै गयो।

### ३.२.२.४ चौथो चरण

सिक्किमको राजनैतिक इतिहासलाई हेर्दा १८औँ शताब्दीको पूर्वार्द्धमा नामग्याल वंशको पारिवारिक कलहका कारण सन् १७०० देखि १७०६ को अवधि मा भूटानले सिक्किममाथि आक्रमण गर्‍यो।[४५] सन् १७०६मा सिक्किमको तत्कालीन राजधानी राप्देन्सीलगायत टिस्टाको पूर्वपट्टिको ठुलो भूभाग भूटानले आफ्नो कब्जामा लियो तर पछि तिब्बतको मध्यस्थतामा भूटानले राप्देन्सीलगायत टिस्टा नदीको पश्चिमपट्टिको भूभाग सिक्किम राजालाई फिर्ता दियो।[४६] तर आजको कालेबुङ तथा यस वरिपरिको भूभाग भूटानको मानचित्र भित्र नै गाभियो।[४७] फलतः सिक्किम अनि कालेबुङ क्षेत्रका लेप्चाहरू प्रशासनिक रूपमा अलग बने। उनीहरूमाझ अन्तरक्रियाको सिलसिला थोरै हुन थाल्यो। यसले उनीहरूको भाषामा अनि त्यसको प्रचलनमा प्रतिकूल प्रभाव पारेको मान्न सकिन्छ। लेप्चाहरूको ठुलो सङ्ख्या

[४५] डेविड ल्याङ, सन् २००३, *सिक्किम हिमालय, ट्राइबलस् इन द क्लाउड किङ्डम*, इङ्ग्ल्यान्ड : प्रोमेग्यानेट प्रेस, पृ २६

[४६] प्रणव कुमार भट्टचार्य, सन् १९८४, *एस्पेक्ट अव् कल्चरल हिल्ट्री अव् सिक्किम, इस्टडिज इन कोइनेज*, कलकत्ता : एलपीबाग्छी एन्ड कम्पनी, पृ १२

[४७] एल बी बस्नेत, सन् १९७४, *सिक्किम: अ सर्ट पोलिटिकल हिस्ट्री*, न्यु दिल्ली : एस चन्द & को प्रा लि, पृ १९

भूटानी शासनको सोझो सम्पर्कमा आएको र यस राजनैतिक घटनाका कारण उनीहरूमा सामान्य भाषिक भिन्नता आएको पनि हुन सक्छ। कालेबुङ क्षेत्र सय वर्षभन्दा बढी भुटानी प्रशासनमा रहे तापनि पछि दालिम र बक्सामा अङ्ग्रेजसितको युद्धमा भूटान पराजित भयो।[४८] फलस्वरूप सन् १८६५ को सिन्चुला सन्धिअन्तर्गत यो भूभाग अङ्ग्रेज शासित दार्जिलिङ क्षेत्रमा गाभियो जो १८३५ को सम्झौताअनुसार सिक्किम राजाले अङ्ग्रेजलाई सुम्पेका थिए।[४९] यसरी दार्जिलिङ सँगसँगै कालेबुङ पनि अङ्ग्रेजी शासनको अधीनमा आएकाले यहाँका लेप्चाहरूमा विस्तारै अङ्ग्रेजी शिक्षाको प्रभाव पर्दै गयो।

### ३.२.२.५ पाँचौँ चरण

ऐतिहासिक पुष्टि भएअनुसार सन् १७८८-८९ मा सिक्किममा गोर्खाहरूले चढाई गरे। यस क्रममा उनीहरूले दार्जिलिङ क्षेत्रमा सर्वप्रथम आक्रमण गरे अनि पछि जोहरसिंह र पूर्ण आलेको नेतृत्वमा सिक्किमको टिस्टा नदीदेखि दक्षिण-पश्चिम क्षेत्रमा आक्रमण गरेर टिस्टाको दक्षिण भूभागलाई पूर्णरूपले आफ्नो कब्जामा ल्याए।[५०] त्यसबेला लेप्चाहरूका साहसिक नेता सत्रजितले धैरै पराक्रम देखाएको उल्लेख इतिहासहरूमा पाइन्छ। गोर्खाहरूको आक्रमणमा परी तिब्बती लामाहरू पनि उसबेलाको पश्चिम सिक्किम स्थित पेमायोन्ची गुम्बाबाट पलायन भएका थिए भन्ने पुष्टि अध्ययनहरूले गरेको छ। गोर्खाहरूको यस आक्रमणपछि बहुसङ्ख्यामा नेपालीहरूको बसोबास भएको मान्न सकिन्छ। यसलाई नेपालीहरूको आगमनको दोस्रो लहर मान्न सकिन्छ। यही आक्रमणपछि दक्षिण सिक्किमका धैरै स्थान अनि खोला-नालाका नामहरू जस्तै निया, बरम, टिस्टा, कनका आदि अस्तित्वमा आएको बुझिन्छ। यस ऐतिहासिक घटनाले पनि लेप्चाहरूको बसोबास, समाज, भाषा अनि संस्कृतिमा प्रभाव पर्न गयो। सन् १७८८-८९ को गोर्खा आक्रमणपछि नेपाली भाषा वा खस कुराले प्रश्रय पायो भने सन् १८१७ को तितलिया सन्धि पछि सिक्किम र दार्जिलिङमा हिन्दी र अङ्ग्रेजी भाषाको वर्चस्व बढेको पाइन्छ।[५१]

### ३.२.२.६ छैटौँ चरण

छेन्जोक बोलेकको हत्याकाण्ड सिक्किमका लेप्चाहरूको समाजमा घटेको अर्को ठुलो घटना हो। यसले उनीहरूको समाजमा ठुलो हलचल ल्याएको थियो। सन् १८२६ मा सिक्किमका लामाहरूले तत्कालीन

---

[४८]एल ताम्साङ (सम्पा), सन् २००५, *किङ गेभो आचोक म्यागाजिन*, कालेम्पोङ : आइ एल टी ए, पृ ५

[४९]डी सी रोय, सन् २००५, *डायनमिक्स अव् सोसियल फर्मेसन अमोङ दि लेप्चाज*, दिल्ली : आकाङ्क्षा पब्लिसिङ हाउस, पृ ३६

[५०]कुमार प्रधान, सन् २००९,द *गोर्खा कन्क्वेस्ट*, काठमाण्डु : हिमाल बुक्स, पृ १४४

[५१]जे आर सुब्बा, *हिस्ट्री कल्चर एन्ड कस्टमस् अव् सिक्किम*, पूर्ववत्, पृ १६६

प्रधानमन्त्री अनि छोग्यालका मामा छेन्जोक बोलेकको हत्या गरे।[५२] उक्त हत्याकाण्डका कारण सिक्किमका लेप्चाहरूमा एक किसिमको भय अनि त्रासको परिवेश सिर्जना भयो। फलस्वरूप बोलेकका भानिज राथुप (युक् ह्लाथुप)-को अगुवाईमा १२ सय लेप्चाहरू रातारात भागेर इलामको अन्तु डाँडामा बसाइँ सरे।[५३] यस कुराको प्रमाण सिक्किमका राजासितको सम्बन्धमा आएको कटुताका कारण सन् १८२७ मा इलाम जान बाध्य बनेका काजी कारवाङ छिरिङ लेप्चा तथा उनका अनुयायीहरूले सन् १८३९ मा अङ्ग्रेज जेनेरल लियोर्डलाई सिक्किममा फर्कन अनुमतिका निम्ति गरेको अनुनयले दिन्छ।[५४] (काजी कारवाङले कलकत्ता स्थित अङ्ग्रेज जेनेरललाई लेखेको पत्रको प्रतिलिपि परिशिष्ट-१ मा खामिएको छ) उनीहरू अघिझैँ बृहत्तर सामाजिक अन्तरक्रियामा सहभागी हुन छोडे। यसका अतिरिक्त इलाममा बसाइँ सरेर जाने लेप्चाहरूको गोर्खा समाजसित सम्मिश्रण भयो। गोर्खा प्रशासनको दबाउमा परी उनीहरू आफ्नो भाषा अनि संस्कृतिबाट टाढिँदै गए। सिक्किममा पनि १२ सय लेप्चाहरूको आप्रवासनले भाषिक प्रचलन र भाषाका वक्ताहरूको सङ्ख्याका दृष्टिमा नकारात्मक प्रभाव परेको बुझिन्छ।

### ३.२.२.७ सातौँ चरण

सन् १८३५ मा दार्जिलिङमा अङ्ग्रेजहरूको आगमन भयो। दार्जिलिङलाई स्वास्थ्य लाभको केन्द्रका रूपमा स्थापना गर्ने अङ्ग्रेजहरूको इच्छा सँगसँगै चिया उद्योगको थालनी भयो। यसरी नै सडक अनि रेल मार्ग ओछ्याउने कार्य पनि सुरु गरियो। यस कार्यका लागि अन्यत्रबाट मानिसहरूको आगमन भयो। फलस्वरूप दार्जिलिङको मूल केन्द्रबाट लेप्चाहरू पलायन अनि विस्थापित भए। अघिबाटै आफ्नो परम्परागत आस्था मान्ने लेप्चाहरू तिब्बती लामाहरूको प्रभावमा आएका थिए। तर त्यस नयाँ धार्मिक वस्त्रलाई उनीहरूले पूर्णरूपमा अङ्गीकार गरेका थिएनन्। दार्जिलिङमा अङ्ग्रेजी शासन सँगसँगै इसाई मिसनेरीहरूको आगमन भयो। उनीहरूले विस्थापित भई वरपर छरिएका लेप्चाहरूमाझ गएर धर्म प्रचार गरे। मिसनेरीहरूको शिक्षा अनि स्वास्थ्य सेवाबाट प्रभावित भएर धेरै लेप्चाहरूले इसाई धर्म अवलम्बन गरे। लेप्चाहरू ब्रिटिस प्रशासनका निम्ति अल्छे अनि कर नतिर्ने जाति थिए तर मिसनेरीहरूका निम्ति धर्म प्रचारको ठुलो आशा अनि भरपर्दा सहयोगी (सामारी) थिए।[५५] सिक्किमबाट दार्जिलिङ भूभाग छुट्टिएपछि

[५२]पी भन्डारी, सन् १९९६, *फ्रिडम मुभमेन्ट एन्ड रोल अव् इन्डिन नेपालिज*, १८००-१८५०, आसाम : रमा भन्डारी पब्लिकेसन, पृ १५

[५३]आर के स्प्रिग, *सेडिङ सम लाइट अन दि हिस्ट्री ल्याङ्ग्वेज एन्ड लिटरेचर अव् दि लेप्चाज्*, पूर्ववत्, पृ १६

[५४]फ्रेड पिन, सन् १९८६, द रोड *अव् डेस्टिनी, दार्जिलिङ लेटर्स्*, १८३९, कलकत्ता : अक्सफर्ड युनिभर्सिटी प्रेस, पृ १७०-१७१

[५५]डी जी म्यन्युवल, सन् १९१४, *अ ग्ल्याडनिङ रिभर*, लन्डन : ए & सी ब्ल्याक लिमिटेड, पृ १६

दार्जिलिङ सहर र वरिपरिबाट उनीहरू विस्थापित भए। सिक्किमका आफ्ना सहोदरहरूसित उनीहरूको सम्पर्क टुट्यो। यसका अतिरिक्त इसाई मतावलम्बनका कारण पनि उनीहरू आफ्नो संस्कृति र भाषाबाट टाढिँदै गएको बुझिन्छ। लेप्चा भाषाको प्रचलन, भौगेलिक क्षेत्र आदिमा यस ऐतिहासिक घटनाले धेरै प्रभाव पारेको थियो। दार्जिलिङमा अङ्ग्रेजहरूको आगमनले सिक्किमको प्रशासनमा पनि प्रभाव पाऱ्यो। सन् १८८० को दशकमा सिक्किममा अङ्ग्रेजी राजनैतिक अधिकारीको नियुक्ति भयो र अङ्ग्रेज उपनिवेशको परोक्ष हस्तक्षेप सुरु भयो। यसले पनि कुनै न कुनै रूपमा लेप्चाहरूको जीवन-शैली अनि भाषा र संस्कृतिलाई प्रभावित तुल्याएको अनुमान गर्न सकिन्छ। सिक्किम र वर्तमान पश्चिम बङ्गालको दार्जिलिङ जिल्लाको एउटा सम्पर्क भाषा जतिकै प्रचलित लेप्चा भाषा तिब्बती, भोटे, नेपाली, भारतीय, युरोपीय तथा अन्यले समेत आर्जन गरेका थिए। यही भाषामा व्यापार अनि अङ्ग्रेजी न्यायपालिका तथा प्रशासन समेत चल्ने गरेको थियो। तर पछि हिन्दी नेपाली तिब्बती र अङ्ग्रेजी भाषाको प्रयोगाधिक्य भयो। तत्कालीन अङ्ग्रेज प्रशासनको नीतिका कारण पनि लेप्चा भाषाको कार्यक्षेत्र खुम्चिएको मानिन्छ।[५६]

### ३.२.२.८ अन्तिम चरण

सन् १९४७ मा भारत स्वतन्त्र भएपछि सिक्किममा पनि प्रजातान्त्रिक आन्दोलन र उन्मुक्तिको स्वरलहरहरू जाग्रत भए। काजी अनि ठेकादारहरूको अन्याय र शोषण अनि कालोभारी, झार्लाङ्गी, कुरुवा आदि जस्ता कुप्रथाको विरोधमा सिक्किमका जनगण जुर्मुराएर उठे। यही आन्दोलनको क्रममा लेप्चाहरूलाई नेतृत्व दिँदै हेलेन कार्थकले लेप्चाहरूको भिन्न ऐतिहासिक पृष्ठभूमि रहेकाले उनीहरूलाई छुट्टै राजनीतिक हक अधिकार दिइनुपर्छ भनी आन्दोलन गरिन्। तर उनलाई सिक्किमको छोग्याल तन्त्र, काजी अनि ठेकादारहरूले देश निकाला गरे।[५७] इतिहासहरूको यो घटनाक्रमले लेप्चाहरूमाथि तत्कालीन छोग्याल शासनको व्यवहार के कस्तो थियो भन्ने कुरा स्पष्ट हुन्छ। राजनैतिक हक अधिकारसँगै उनीहरूको भाषा तथा संस्कृति अवस्थाबारे बुझ्न पनि यस्तो ऐतिहासिक घटनाक्रमले सहयोग गर्दछ। सिक्किम पस्नअघि अनि सन् १६४२ मा आफ्नो तन्त्र स्थापनापछि भोटियाहरूले भाइचाराको सम्झौता गरी लेप्चाहरूलाई आफ्नो वशमा गरेका थिए। सन् १९७५ मा सिक्किम भारतमा विलय भएपछि पनि त्यही ऐतिहासिक सन्धिको आडमा भोटिया लेप्चा एकै हुन् भनी बीएल (भोटिया-लेप्चा)-को परिभाषाभित्र लेप्चालाई भोटियासित एकै लहरमा उभ्याइयो। यसले उनीहरूको इतिहास प्राचीन चिह्नारी

---

[५६] सतिन्दर कुमार (सम्पा), *इनसाइक्लोपेडिया अव् साउथ एस्यन ट्राइब भाग* ६, पूर्ववत्, पृ २०००

[५७] सिक्किम दरवार ग्याजेट, नम्बर १२३ दिनाङ्क २१.१२.१९६६, पृ १४९-१५०

डगमगियो। आर्थिक रूपले सबल रहेका भोटियाहरूले लेप्चाहरूको धेरै जग्गा जमिन पनि आफ्नो बनाए। प्राचीन उपस्थिति एवम् माटोसितको सम्बन्ध विस्थापित भएपछि उनीहरूको अस्तित्व डगमगियो। भारतमा विलय भएपश्चात सिक्किमका आदिम अनि मूल बासिन्दा लेप्चाहरू भोटिया नागरिक सरह रहे। भारत सरकारले उनीहरूलाई जनजातिको मान्यता दियो। तर सन् २००० को दशकमा आदिम जनजातिको मान्यताका निम्ति राज्य सरकारले ल्याएको प्रस्तावलाई भारत सकरकारले स्वीकार गरेन। अघि एउटा सिङ्गो भौगोलिक क्षेत्रका स्वामी भई बसेका लेप्चाहरू मिश्रित संस्कृतिभित्र विलिन हुँदै गएको बुझिन्छ। राज्य सरकारले उनीहरूलाई आदिम जनजातिको मान्यता दिएको छ। तथापि उनीहरूको भाषा अनि संस्कृतिको संरक्षणको दिशामा भने जस्तो कार्य हुन बाँकी नै छ।

आज सिक्किमका लेप्चाहरूलाई बीएल (भोटिया लेप्चा)-को नाममा आरक्षण प्राप्त छ। तर भोटियाहरू धेरै समृद्ध भएकाले लेप्चाहरूका सबै अवसर उनीहरूकै हातमा पर्ने गरेको पाइन्छ। यस्तो स्थितिका कारण सामाजिक वरीयता, आर्थिक स्तर आदिका दृष्टिले उनीहरू अझ पश्चगामी भएका छन्। यस्ता कतिपय स्थितिका कारण उनीहरूको भाषिक प्रचलन अनि व्यवहारमा प्रतिकूल प्रभाव परेको बुझिन्छ। आर्थिक पछौटेपनका कारणले भाषा र संस्कृतिको प्रचलनमा पनि न्यूनता आउने कुरा समाज भाषाविज्ञान र समाजशास्त्रले बताएको छ। सिक्किमको लेप्चा समाजमा सम्बन्धित विषयमा पश्चगामी प्रवृत्ति स्पष्ट देखिएको छ।

### ३.३ सिक्किममा लेप्चा भाषाको प्रचलन: ऐतिहासिक विवरण

सामाजिक, सांस्कृतिक, धार्मिक अन्तर्मिश्रणमा लेप्चा समाजले कुनै किसिमको रोकटोक गर्दैन। त्यसैले एउटा भनाइ पनि छ-'लेप्चाको थालबाट सबैले खान सक्छन्।' लेप्चाहरू अन्य जातजातिसित मिसिएर बसेका ठाउँहरूमा सहजै अन्तर्जातीय विवाह सूत्रमा गाँसिन्छन्। उनीहरूका समाजमा जातीय अनि भाषिक अन्तर्मिश्रणको लामो इतिहास रहेको पाइन्छ। उनीहरूको थरगोत्र अनि पितृ परम्परा सिक्किमकै प्राकृतिक परिवेश हिमाल, डाँडा काँडा वा पोखरीसित जोडिएको पाइन्छ। यसलाई *पुत्सो* भनिन्छ।

सन् १९०४ सम्म सिक्किम र दार्जिलिङमा लेप्चा भाषाको प्रचलन पर्याप्त थियो। प्रसिद्ध वनस्पतिशास्त्री जे डी हूकरका मतानुसार पूर्वीय नेपालका केही भूभागसम्म लेप्चाहरूको प्रभुत्व थियो। उनीहरूको भूभाग पूर्वीय नेपालको तम्बर खोलासम्म रहेको थियो भने अझ पश्चिमतर्फ अवस्थित अरूण

खोलासम्मको भूभागलाई समेत उनीहरूले कब्जा गरेका थिए।[५८] भोटिया र नेपाली लगायत भारतीय अन्य भाषा-भाषी र यूरोपेलीहरूले पनि लेप्चा भाषा व्यवहार गर्दथे।[५९] व्यापार र ब्रिटिस न्यायलयमा समेत लेप्चा भाषाको प्रचलन रहेको थियो। नेपाली भाषामा प्रचलित ताते (हिँड्नु), माम (खाना), बुङ्गी (लड्नु), येँय्येँ (सुत्नु) आजी (नगर्नु, रोक्नु) आदि बाल बोलिका शब्दहरू लेप्चा भाषामा पनि पाइएका छन्।[६०] सम्भवत: लेप्चा भाषाबाट नै यी शब्दहरू नेपालीमा भित्रिएका हुन्। स्पष्ट छ, यस भेकमा लेप्चा भाषाको धेरै प्रभाव थियो। सन् १८४० मा क्याम्पबेलले अनुमान गरेअनुसार- सिक्किममा लेप्चाहरूको जनसङ्ख्या तीन हजार जति थियो[६१] भने सन् १८९१ को जनगणनाअनुसार लेप्चाहरूको जनसङ्ख्या ५७३२ रहेको थाहा लाग्छ। यस जनगणना रिपोर्टअनुसार सिक्किमको मोठ जनसङ्ख्यामध्ये लेप्चाहरू १८.९२ प्रतिशत थिए, जो बृहत्तम जातीय समूह रहेको थियो भने आज जातीय समूहका रूपमा लेप्चा छैठौँ स्थानमा रहेको पाइन्छ। सन् १९२१ को जनगणनाअनुसार लेप्चाहरूको जनसङ्ख्या ९२९१ रहेको र सय प्रतिशत लेप्चाहरूको मातृभाषा लेप्चा नै रहेको थाहा लाग्छ। यसरी नै सन् १९३१ को जनगणना रिपोर्टअनुसार लेप्चाहरूको जनसङ्ख्या १३,०६० रहेको थियो भने लेप्चा भाषीहरूको सङ्ख्या १३,२०६ रहेको थाहा लाग्छ। यसबाट लेप्चाहरू बाहेक अन्य जातीय समूहका सदस्यहरूले पनि लेप्चा भाषा व्यवहार गर्थे भन्ने कुरा स्पष्ट छ। यद्यपि यसै जनगणना रिपोर्टअनुसार १३,२०६ जना लेप्चा भाषीहरूमध्ये १०,२७८ जनाको दोस्रो/सहायक भाषा नेपाली रहेको थाहा लाग्छ, जसबाट ७७.८२ प्रतिशत लेप्चाहरू द्विभाषी रहेको र नेपाली भाषातर्फ आकृष्ट हुँदै गएको बुझिन्छ।[६२] आज भाषिक सम्प्रदायका रूपमा भोटबर्मेली भाषा परिवारभित्र पर्ने सिक्किमेली लेप्चाहरूको जनसङ्ख्या ४५२३९ रहेको छ, जो सिक्किमको मोठ जनसङ्ख्याको ७.७८ प्रतिशत हो।[६३]

सिक्किम र दार्जिलिङ भूभागमा २०औँ शताब्दीको उत्तरार्धसम्म एउटा प्रमुख भाषाका रूपमा लेप्चा भाषाको प्रचलन रहेको कुरा ऐतिहासिक दस्ताबेजहरूद्वारा पनि थाहा लाग्छ। सिक्किमका राजा र अङ्ग्रेजहरूका पक्षका जेनेरल लियोडमाझ सन् १८३५ मा भएको दार्जिलिङ सम्झौताको दस्ताबेज (ग्रान्ट

---

[५८]जे डी हुकर, *दि हिमालयन जर्नल*, पूर्ववत्, पृ १२७

[५९]जी बी मेनवरिङ, सन् १८७६, *ग्रमर अव् दि लेप्चा ल्याङ्वेज*, न्यु दिल्ली: मञ्जुश्री पब्लिसिङ हाउस, पृ XII

[६०]के पी ताम्साङ, सन् १९९८, *दि अन्नोन एन्ड अन्टोल्ड रियालिटिज अबाउट दि लेप्चाज्*, कालेम्पोङ : मणि प्रिन्टिङ प्रेस, पृ १८

[६१]एच एच रिस्ले, *द गेजेटर अव् सिक्किम*, पूर्ववत्, पृ २५९

[६२]भारतको जनगणना, सन् १९३१, युनियन टेबल पार्ट-२, च्याप्टर १०, ल्याङ्ग्वेज, पृ ३५४

[६३]*स्टेट सोसियो इकोनमिक सेन्सस्*, गान्तोक: डिपार्टमेन्ट अव् इभ्यालुसन, स्ट्याटिस्टिक्स् एन्ड मोनिटरिङ सिक्किम सरकार,२००६

अव् डीड) लेप्चा भाषामा पनि उपलब्ध छ (सम्झौता पत्रको प्रतिलिपि परिशिष्ट ४ मा राखिएको छ) भने १५ दिसम्बर १८४८ देखि १९ जनवरी १८४९ को समयावधिमा हूकरको आय-व्ययको रेकर्ड लेप्चा भाषामा पनि पाइएको छ।[६४] लेप्चा भाषामा यस्ता एकाध दस्ताबेजहरू उपलब्ध रहे तापनि यस भाषाको विकास, सम्वर्द्धन अनि प्रचलनमा चाहिए जति प्रशासनिक संरक्षणको अभाव भने खट्किने विषय हो। वास्तवमा भोटिया/तिब्बती तिब्बतीहरूको आगमन अघिसम्म तत्कालीन सिक्किममा लेप्चा भाषाको सरल र शुद्ध रूप प्रचलित थियो।[६५] सिक्किममा सन् १६४२ देखि सुरु भएको नामग्याल शासनसँगै तिब्बती भाषाले प्रमुखता पायो र यस भाषालाई प्रशासानिक भाषाका रूपमा मान्यता दिइयो। कतिपय विद्वान्हरूको मतानुसार तिब्बती महायान बौद्ध सम्प्रदायअन्तर्गत निङ्मा पन्थलाई जोगाउन र यसको विस्तार गर्न तिब्बती निङ्मा लामाहरूले सिक्किममा सन् १९४२मा नामग्याल वंशको शासन सुरु गरेका थिए भने सन् १९७५मा भारतमा विलय हुनअघिसम्म सिक्किमको राज्य धर्मका रूपमा तिब्बती महायान बौद्ध धर्म नै स्थापित थियो।[६६]फलस्वरूप तिब्बती भाषाको व्यापक प्रचार-प्रसार भयो। राज्यमा थुप्रै सङ्घ-संस्थानहरूको स्थापनापछि पनि सरकारी प्रशासनमा बौद्ध धार्मिक संस्थानहरूको प्रभुत्व रहेकाले लेप्चा भाषाको प्रयोगमा न्यूनता आएको अनुमान गर्न सकिन्छ।

हाफदनको मतानुसार लामावाद फैलाउने उद्देश्य लिएर तिब्बतबाट जो खेबु (खेबुम्सा) -का तीनजना छोराहरू सिक्किम आएर उनीहरूले लेप्चाहरूका साहित्यिक सामग्री, ऐतिहासिक दस्ताबेज, नामथर आदि पुस्तकहरू भेला गरी उत्तर सिक्किमको काभीमा जलाइदिए पछि उनीहरूमाझ तिब्बती लामावादको प्रचार गरे।[६७] यद्यपि यो सन्दर्भ अझ पनि खोजको विषय नै रहेको छ। एकथरी विद्वान्हरूले लेप्चा लिपि तिब्बतीहरूको आगमन भन्दा धेरै अघि नै प्रचलित रहेको दावी गरेका छन्[६८] भने अर्का थरी विद्वान्हरूले लेप्चा लिपिको विकास महाराज तृतीय छ्यदोर नामग्याल (१७००-१७)-को नेतृत्वमा भएको कुराको पुष्टि गरेका छन्। जे होस् तिब्बती भाषाको विस्तारसँगै लेप्चा भाषाको प्रयोगमा न्यूनता आउन थालेको तर्कचाहिँ अकाट्य छ।

[६४]आर के स्प्रिग, *सेडिङ सम् लाइट अन् दि हिस्ट्री ल्याङ्वेज एन्ड लिटरेचर अव् दि लेप्चाज*, पूर्ववत्, पृ ५४

[६५]सतिन्दर कुमार (सम्पा), *इनसाइक्लोपेडिया अव् साउथ एसियन ट्राइब्स*, भो ६, पूर्ववत्, पृ १९९९-२०००

[६६]अर्पणा भट्टाचार्य, द *प्रेयर विल एन्ड स्केपट्रे: सिक्किम*, पूर्ववत्, पृ ४२

[६७]सेगर हाफदन, द *लेप्चाज्:कल्चर एन्ड रिलिजन अव् ए हिमालयन पिपल*, पूर्ववत्, पृ २८

[६८]जी पी सिंह, *प्राचीन भारतमा किरातहरू*, पूर्ववत्, पृ ३७-३८

सिक्किममा नामग्याल शासनसँगै थुप्रै मठ वा मोनास्टिक शिक्षालयहरूको स्थापना भयो। तीमध्ये विशेष गरेर पश्चिम सिक्किममा स्थापित साङ्गा छोलिङ गुम्बामा धेरै लेप्चा र लिम्बूहरूले तिब्बती भाषामा उपलब्ध वाङमयबाट तान्त्रिक बौद्ध लामावादको अध्ययन गरेको कुराको उल्लेख पाइन्छ। फलस्वरूप सिक्किममा तिब्बती भाषाको व्यापक प्रचार-प्रसार भयो। तिब्बतीहरूको शासनको उदयसँगै लेप्चा पनु[६९] वा मुखियाहरूको शासन पनि अस्त भयो। लेप्चाहरू माथि तिब्बती शासकहरूको वर्चस्व रहेको इतिहासको कालखण्डलाई लेप्चाहरूको जीवन-जगत्, आस्था-विश्वास र भाषामाथि तिब्बती आक्रमणको नाउँले चिनिन्छ।[७०] तिब्बतीहरूको शासन सुरु भएदेखि लेप्चाहरूको जीवन-शैलीमा पनि ठुलो परिवर्तन आएको अनुमानित छ। ए आर फोनिङका मतानुसार तिब्बतीहरूको शासन र ठेकादार वा काजी प्रथाका कारण वर्गहीन लेप्चा समाजमा वर्गबोधको विकास भयो।[७१] यसो हुँदा उनीहरूले चाहिए जति आदरसूचक शब्दहरू तिब्बती भाषाबाट लिए भन्ने इतिहासकार चेम्जोङको विचार रहेको छ।[७२] यद्यपि लेप्चा भाषा प्रयोगलाई हेर्दा आदरसूचक सबै शब्दहरू तिब्बती भाषाबाट आएका हुन भन्न मिल्दैन। लेप्चा भाषामा पुरुषलाई आदर गरेर सम्बोधन गर्दा 'रेन' र स्त्रीलाई सम्बोधन गर्दा 'रेन्यु' शब्द प्रयोग गर्ने चलन पाइन्छ। लेप्चा क्रियापदमा देखिने आदरसूचक प्रयोगमा भने तिब्बती प्रभाव रहेको भए तापनि लेप्चा भाषामा आदारार्थी प्रयोग छँदै थिएन भन्न चाहिँ मिल्दैन।[७३] तलको उदाहरणमा लेप्चा भाषाको मौलिक प्रयोग द्रष्टव्य छ-

[६९]पनु भन्नाले लेप्चाहरूका राजा वा मुखिया भन्ने बुझिन्छ। धरणीधर दाहालले आफ्नो पुस्तक *संस्कृति अनेक हामी एक-* (१९९२, पृ ७५-७७)-मा लेप्चाहरूको पहिलो राजा वा पनु पोहारतक पनु थिए भन्ने उल्लेख गरेका छन्। उनले आफ्नो लेखलाई लेप्चा चुनाख आखेन वा चुनाख नामथरमाथि आधार गर्दै तक्षशिलामा ई.पू ३३० देखि ३२० मा चन्द्रगुप्त मौर्यलाई अलेकजेन्डरले आक्रमण गरेको समयमा पोहारतक पनुले आफ्ना लेप्चा सेना पठाएर सहयोग गरेको उल्लेख गरेका छन्। जीबी मेनवोरिङले भने आफ्नो पुस्तक *द ग्रामर अव् रोङ* (लेप्चा) *ल्याङ्ग्वेज*(१९७६, पृ xi )-मा तेह्रौँ शताब्दीका तर्भे पनुलाई लेप्चाका पहिलो राजा मानेका छन्। लेप्चाहरूका अन्तिम पनु थेकुङ मेन्सलोङ हुन् जो भोटियाका प्रथम छोग्याल फुन्सोक नाम्यालको राज्यारोहण समारोहमा विशेष रूपले उपस्थित थिए। अन्य जानकारीका निम्ति हेर्नुहोस् नाम्याल र डोल्मा, *हिस्ट्री अव् सिक्किम,* १९०८

[७०]ए के दास, सन् १९७८, *दि लेप्चाज् अव् वेस्ट बेङ्गल*, कलकत्ता : इन्डियन एडिसन, पृ १५

[७१]ए आर फोनिङ, *लेप्चा माइ भेनिसिङ ट्राइब*, पूर्ववत्, पृ १८०

[७२]ईमानसिंह चेम्जोंग, *लेप्चा, नेपाली, इङ्ग्लिस डिक्सनेरी*, पूर्ववत्, पृ ६

[७३]बलराम पाण्डे, सन् २०१०, 'सिक्किममा लेप्चा भाषा', घनश्याम नेपाल (सम्पा), *अभिज्ञान*, (वर्ष १, अङ्क १), नेपाली विभाग : उत्तर बङ्ग विश्वविद्यालय, पृ ७

| लेप्चा | नेपाली | आदर |
| --- | --- | --- |
| जो था | भात खा/खानु | सामान्य |
| जो जम्/ल्यो | भात खाऊ | मध्यम |
| जो जे नोङ/स ल्य नोङ | भात खानुहोस् | उच्च |
| च्य थङ | चिया पी/पिउनु | सामान्य |
| च्य थङ का | चिया पिऊ | मध्यम |
| च्य जे नङ | चिया पिउनुहोस् | उच्च |

तालिका-३.१ लेप्चा आदारार्थी प्रयोग

सिक्किममा गोर्खा विजय अभियान पछि अनि दार्जिलिङमा अङ्ग्रेजहरूको आगमन पछि तिब्बती भाषाको साटो नेपाली, हिन्दी र अङ्ग्रेजीको प्रचलन सुरु भयो। हिन्दीलाई अङ्ग्रेजहरूले प्रशासनिक भाषाका रूपमा समेत ग्रहण गर्न थालेको पाइन्छ। यसको प्रमाण सिक्किमले कम्पनी सरकारलाई तिर्नु पर्ने करका विषयमा क्याम्बेलले सन् १८६०-६१ मा पश्चिम सिक्किम लिङ्चोमका दुईजना लिम्बू मण्डल तेजहाङ र कुङ्साहाङलाई हिन्दी भाषामा लेखेको पत्रले दिन्छ। (पत्रको प्रतिलिपि परिशिष्ट सङ्ख्या २ मा समावेश गरिएको छ)

दार्जिलिङमा सन् १८४१ मा जर्मनीका इसाई धर्म प्रचारक विलियम स्टार्टको अगुवाइमा स्टार्ट मिसन आएको थाहा लाग्छ। यसको लगभग दुई दशकपछि स्कटिस मिसनेरीहरूको आगमन भयो। मेक्फार्लेनको नेतृत्वमा स्कटिस मिसनले दार्जिलिङ कालेबुङमा धेरैवटा स्कुल अनि केही अस्पताल आदि स्थापना गऱ्यो। यसपछि यङ गिल्ड मिसनका डा ग्राह्यामले पनि कालेबुङमा सोही किसिमको कार्यलाई अघि बढाए।[७४] फलस्वरूप लेप्चाहरूमा धर्म परिवर्तन सँगसँगै शैक्षिक विकास अनि व्यवसायिक विस्तार भएको पाइन्छ। दार्जिलिङ र कालेबुङपछि सिक्किममा सन् १८८० को दशकमा इसाई धर्म प्रचारकहरूको आगमन भएको थाहा लाग्छ। फिनिस अनि स्कटिस धर्म प्रचारकहरूको अगुवाईमा अङ्ग्रेजी माध्यमका धेरै पाठशालाहरू स्थापना गरियो। सन् १८९० सम्ममा दक्षिण सिक्किमका विभिन्न ठाउँहरूमा अङ्ग्रेजी माध्यमका सातवटा विद्यालयहरू स्थापित भइसकेको थाहा

[७४]जेम्स आर मिन्टो, सन् १९९५, *ग्रह्याम अव् कालेम्पोङ*, कालेम्पोङ : डा ग्रह्याम्स् होम पृ १,२९-३०

लाग्छ।[७५] यसरी सनैसनै अन्य भाषाहरूको आगमनसँगै लेप्चा भाषाको प्रयोगमा कमी आउन थालेको देखिन्छ।

सिक्किमको राजनैतिक इतिहासका आधारमा सन् १७०० मा भएको भूटानी आक्रमणपछि पहिलोपल्ट लेप्चा समाजको विभाजन भएको बुझिन्छ। यसरी नै सन् १८२६मा बोलेकको हत्या भएपश्चात धेरै लेप्चाहरू इलामतर्फ गए र यो उनीहरूको दोस्रो विभाजन थियो। त्यसरी नै सन् १८३५ कोअनुदान पत्र (ग्रान्ट अव् डिड)-मार्फत दार्जिलिङको भूभाग अङ्ग्रेजी प्रशासनभित्र पर्न गयो र लेप्चाहरू फेरि पनि विभाजित भए भने सन् १८६५ मा सिन्चुलाको सन्धिपश्चात धेरै जसो लेप्चाहरू भूटानमा नै रहे, जसलाई आज प्रोमो नामले पनि चिनिन्छ। यी सबै विभाजनका कारण उनीहरूको भाषा र त्यसको प्रचलनमा ठुलो प्रभाव पर्न गएको कुरो अनुमानित छ।

सन् १८८९ मा गान्तोकमा भोटिया बोर्डिङ स्कुलको स्थापना भएपश्चात भोटियासँगै लेप्चा भाषामा पनि पठन-पाठन सुरु भएको जानकारी पाइए तापनि परवर्तीकालमा लेप्चा भाषाको अध्ययनमा रोक लगाइयो। पाकिमका पण्डित नरसिंह लेप्चालाई यस स्कुलमा लेप्चा भाषाका प्रथम शिक्षकका रूपमा जुन १९१३ मा नियुक्ति दिइयो (परिशिष्ट ३ मा नियुक्ति पत्रको प्रतिलिपि समावेश गरिएको छ)। तर सन् १९१५ मा महाराजा टाँसी नामग्यालको निर्देशनमा लेप्चा भाषालाई अप्रचलित भाषा भनी पाठ्यक्रमबाट हटाएर हिन्दी भाषाको पठन-पाठन सुरु गरियो।[७६] सन् १९६१ सालदेखि महाराज टाँसी नामग्याल कै निर्देशनमा उत्तर सिक्किमको सिप्पयर प्राथमिक पाठशालाबाट लेप्चा भाषा पढाउन सुरु गरियो। यस पछि भने लेप्चा भाषालाई अरू विद्यालयको पाठ्यक्रममा पनि समावेश गरियो। यस पदक्षेपले लेप्चा भाषाको विकासमा सहयोग पुऱ्याएको मान्न सकिन्छ। आज सिक्किमको लेप्चा समाजमा धेरै परिवर्तन आएको पाइन्छ। यसका पछि शिक्षा र घर्म कारक तत्त्व रहेको पाउन सकिन्छ। यिनै कतिपय सामाजिक कारणले गर्दा भाषा प्रयोगमा पनि विविधता आएको मान्न सकिन्छ। परिवर्तन र सातत्यका दृष्टिले उनीहरूको भाषिक व्यवहारका विविध पक्षको अध्ययन सान्दर्भिक देखिन्छ।

---

[७५]ए मेके, सन् २००४,'द इन्डिजिनाइजेसन अव् वेस्टन मेडिसिन इन सिक्किम', अन्ना बालिकी डेन्जोङ्पा (सम्पा), *बुलेटिन अव् टिबेटोलोजी*, भोलुम ४०(२), पृ ३०

[७६]ल्याङसङ् ताम्साङ, सन् २०००,'पण्डित नरसिंह लेप्चा अव्पाक्योङ सिक्किम', एल ताम्साङ (सम्पा), *किङ्ग गेभो आचोक-अ* लेप्चा, *वाइलिङ्ग्वल मेगेजिन*, कालेम्पोङ : द लेप्चा लिटरेरी अर्गनाइजेसन्, पृ ८

### ३.४ लेप्चा भाषाको प्राचीनता, पारिवारिक सम्बद्धता र विकास

भाषा उत्पत्तिबारे विविध सिद्धान्तहरू रहे तापनि वास्तवमा भाषा कहाँबाट कहिले कसरी सुरु भयो भन्ने कुरा खोज र अनुमानको विषय हो। आजसम्म भएका वैज्ञानिक खोजअनुसार, लगभग ३५००० ईशापूर्व बाट नियन्डर्थल र क्रो-म्यागनन् मानवहरूका समयदेखि मान्छेले बोल्न थाल्यो भन्ने भनाई विद्वान्हरूको रहेको छ।[७७] लेप्चा जाति अनि भाषालाई पनि प्राचीन मानिएको छ। लेप्चाहरू आफ्नो लोक परम्परामा विश्वास गर्छन्। उनीहरूको लोक परम्पराअनुसार रूमले कञ्चनजङ्घाको हिउँबाट आदि लेप्चा पुरुष फादोङथिङ र स्त्री नाजोङ्ञ्योको सृष्टि गरेपछि उनीहरूलाई रूमले रोङ वा लेप्चा भाषामा नै धर्मादेश दिएका थिए।[७८] यस मिथकथाले लेप्चा भाषाको उत्पति लेप्चा जातिको सृष्टिसँगै भएको बुझाउँछ।

लेप्चा भाषाबारे विशद् अध्ययन गरी लेप्चा भाषाको पहिलो व्याकरण तयार गर्ने विद्वान् मेनवरिङले पनि लेप्चा भाषालाई प्राचीन भाषा मानेका छन्। उनको मतानुसार लेप्चा भाषा निसन्देह हिब्रु र संस्कृत भन्दा अगावै विकसित एउटा प्राचीन भाषा हो।[७९] यस्ता एकाध भनाइहरू पाइए तापनि वैज्ञानिक ढङ्गमा लेप्चा भाषाको अध्ययन हुन बाँकी नै छ।

विश्वमा विभिन्न पद्धतिद्वारा भाषाहरूको अध्ययन गरिएको पाइन्छ, जसमध्ये पारिवारिक वर्गीकरण एउटा हो। भाषाहरूलाई अनेक परिवारमा विभाजन गरिएको छ। तीमध्ये भोटबर्मेली पनि एउटा हो। यसै परिवारका सदस्यका रूपमा लेप्चा भाषालाई चिनाइएको छ। भोट चिनियाँ भाषाहरूको अध्ययन गर्ने भाषाविद्हरूले लेप्चा भाषाको पारिवारिक सम्बद्धताको पनि चर्चा गरेका छन्। ग्रियर्सनले भोटबर्मेली भाषाको वर्गीकरण गर्ने पहिलो व्यक्ति म्याक्समुलर (सन् १८५४) मानेका छन् भने बेनेडिक्टले सेफर्डलाई भोट चिनियाँ भाषाहरूका प्रथम अध्येता मानेका छन्।[८०]

भोट हिमाली भाषाहरूको अध्ययन गर्ने क्रममा सुनीति कुमार च्याटर्जीले लेप्चा भाषालाई भोट बर्मेली परिवारको हिमाली शाखाको भाषा मानेका छन्।[८१] एल एस एस ओ मालेले भने यसलाई भोट चिनियाँ परिवारभित्र पर्ने भोटबर्मेली शाखाअन्तर्गत भोटहिमाली उपशाखाको भाषा मानेका छन्।[८२]

[७७]डेविड क्रिस्टोल, सन् १९९७, *दि क्याम्ब्रिज इन्साइक्लोपिडिया अव् ल्याङ्ग्वेज*, यु के : क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ २९०-२९२

[७८]सुरेश एन्ड एट अल., सन् १९९८, *सिक्किम पर्सपेक्टिभ फर प्लानिङ एन्ड डेभलपमेन्ट*, गान्तोक: सिक्किम साइन्स सोसाइटी, पृ ७३


[७९]जी बी मेनवरिङ, *ए ग्रामर अव् द लेप्चा ल्याङ्ग्वेज*, पूर्ववत्, पृ xx

[८०]अस्टिन हेल, सन् १९८२, *रिसर्च अन् टिबेटो बर्मन ल्याङ्ग्वेज*, बर्लिन: मोर्टन पब्लिसर्स, पृ १-५

[८१]आर चोधरी सिंह, सन् २००१, *सिक्किम एन् इकोनमिक, सोसियो कल्चर पिप्*, सिक्किम :प्रेरणा अव्सेट इन्डस्ट्रियल प्रा लि, पृ १००

[८२]एल एस एस ओ माले, सन् १९२९, *बङ्गाल बिहार ओडिसा एन्ड सिक्किम*, न्यु दिल्ली: एस एस पब्लिकेसन, पृ २२२

ग्रियर्सनको मतमा लेप्चा भाषा भोटबर्मेली परिवारभित्र पर्ने एउटा असार्वनामिक भाषा हो।[८३] फाचका मतमा भोटचिनियाँ भाषा समूहमा लेप्चा मात्र यस्तो भाषा हो, जसमा सार्वनामिक प्रक्रियाद्वारा क्रियाका रूपमा अन्तर आउने गर्छ।[८४] भोटबर्मेली भाषाहरूको अध्ययन गर्ने भाषाविद् तथा धेरजसो विद्वानहरूका मतहरूको अध्ययन अनि लेप्चा भाषाको प्रकृति र यस भेकका अन्य भोटबर्मेली भाषाहरूसितको निकटताका आधारमा लेप्चा भाषालाई भोटबर्मेली शाखाको भाषा मान्न सकिन्छ। हेल अस्टिनले देखाएअनुसार बेनेडिक्टले प्रस्तुत गरेको भोट-चिनियाँ भाषाहरूको वर्गीकरणमा लेप्चा भाषाको स्थानलाई यसरी प्रस्तुत गरिएको छ।[८५]




तालिका ३.२- भोट बर्मेली भाषाहरूको वर्गीकरण अनि लेप्चा भाषा

[८३]जर्ज ग्रियर्सन, सन् १९६७, *लिङ्ग्विस्टिक सर्वे अव् इन्डिया*, *भोलुम III, पार्ट I*, न्यु दिल्ली: मोतीलाल बनारसी दास, पृ ६७

[८४]स्टेफन फाच, सन् १९८२, *दि एबोरिजिनल ट्राइब्ज अव् इन्डिया*, न्यु दिल्ली : म्याकमिलन इन्डिया लिमिटेड, पृ १०२-१०३

[८५]अस्टिन हेल, *रिसर्च अन् टिबेटो-बर्मनल्याङ्ग्वेज*, पूर्ववत्, पृ १४

## ३.५ लेप्चा लिपिको विकास तथा मुद्रण/प्रकाशन

### ३.५.१ लिपिको विकास

लेप्चाहरूको आफ्नै संस्कृति, भाषा साहित्य र प्राचीन लिपि उपलब्ध रहेको छ। लेप्चा लिपिलाई प्राचीन लिपि अनि भाषालाई प्राचीन भाषा मानिएको छ। लेप्चा भाषामा मङ्गोल सिमेटिक (सामेली ?) वा भारत-जर्मनेली (भारोपेली) भाषाहरूको कुनै प्रभाव पाइँदैन, त्यसैले यसलाई स्वतन्त्र रूपमा विकसित एउटा पृथक् भाषा मानिएको छ।[८६] के पी ताम्साङको मतानुसार लेप्चाहरूका आदि आचार्य ताम्साङ थिङले लेप्चा लिपिको आविष्कार गरेका हुन् जसलाई पछि गएर थेकुङ मेनसलोङले विस्तार र विकास गरे।[८७]

इतिहासकार जी पी सिंहअनुसार सिक्किममा बोलिने लेप्चा र लिम्बू तथा अन्य किराती भाषाहरूका लिपि प्राचीन हुन् तर पछिबाट तिब्बती प्रभावमा आएर यिनमा परिवर्तन आएको हो।[८८] इतिहासकार धरणीधर दाहालले लेप्चाहरूको प्राचीन ग्रन्थ 'चुनाख आखेन' वा लेप्चा नामथरलाई आधार गरेर पोहर तक पनुलाई पहिलो लेप्चा राजा तथा चन्द्रगोप पनु वा चन्द्रगुप्त मौर्यका समकालीन मानेका छन्।[८९] यस आधारमा लेप्चाहरूको प्राचीन लिपि रहेको कुरो अनुमानित छ। लेप्चाहरू रोङ लिपिलाई प्राचीन मान्दछन्। रिस्लेले सिक्किम गेजेटियर (सन् १९२८)-मा राजा छयादोर नामग्याल (सन् १७००-१७)-ले आफ्ना लेप्चा नागरिकहरूका निम्ति यस लिपिको निर्माण गरेको कुरो उल्लेख गरेका छन्। सन् १७०० मा सिक्किममा भूटानले चढाई गरी राप्देन्ची दरबार पनि कब्जा गरेकाले राजा छयादोर भागेर तिब्बतमा शरण लिन पुगे जहाँ सन् १७११ सम्म[९०] लासाका राजा मियूङको सम्पर्कमा रही धर्मशास्त्र तथा अन्य अनुशासनको अध्ययन गरे। कठोर अध्ययन गरेका विद्वान् राजा छयादोर नामग्यालले लेप्चा लिपिको निर्माण गरे भन्ने मत यस आधारमा सही लाग्दछ।

आर के स्प्रिगले भने राजा छयदोरले लेप्चा भाषाका ज्ञाता थेकुङ मेन सलोङलाई लेप्चा लिपि निर्माण गर्ने आदेश दिएका थिए, जसले आफ्नो कार्यको श्रेय राजालाई दिएको हुन सक्ने  मत प्रस्तुत

[८६] सतिन्दर कुमार (सम्पा), *इनसाइक्लोपेडिया अव् साउथ एसियन ट्राइब्स*, *भोल्युम* ६, पूर्ववत्, पृ १९९९

[८७] के पी ताम्साङ, *अननोन एन्ड अनटोल्ड रियालिटी एबाउट द लेप्चास्*, पूर्ववत्, पृ २७

[८८] जी पी सिंह, *प्राचीन भारतमा किरातहरू* (नेपाली अनुवाद), टी बी राई (अनु), पूर्ववत्, पृ २३८

[८९] धरणीधर दाहाल, *संस्कृति अनेक हामी एक*, पूर्ववत्, पृ ७७

[९०] आर के स्प्रिग, *सेडिङ सम लाइट अन् हिस्ट्री ल्याङ्ग्वेज एन्ड लिटरेचर अव्दि लेप्चाज*, पूर्ववत्, पृ ८७

गरेका छन्।[११] राजा छयादोरले लासामा छँदा बौद्ध धर्मशास्त्रको अध्ययन गरेका थिए र सिक्किम फर्केपछि आफ्ना लेप्चा नागरिकहरूमाझ लेप्चा लिपिका माध्यम लामावादी बौद्ध धर्म प्रचार गर्ने उद्देश्य राखेर रोङ लिपिको निर्माण गर्ने अभिभारा मेन सलोङलाई सुम्पेको कुरा धेरै सान्दर्भिक लाग्छ। स्प्रिगले थेकुङ मेन सलोङलाई लात्सेन छेम्पो (सन् १५९७-१६५४)-का समकालीन मानेका छन् भने केही इतिहासकारहरूले राजा फुन्सोक नामग्यालको राज्याभिषेक (सन् १६४२)-मा मेन सलोङ पनि एकजना गवाही थिए भन्ने उल्लेख गरेका छन्। यसरी हेर्दा मेन सलोङ सन् १७००-११ सम्म जीवित रहेको मान्न सकिने आधार सही लाग्छ। यसर्थ राजा छयदोरको शासन कालमा मेन सलोङद्वारा रोङ लिपि निर्माण भएको हो भन्ने मत निकै बलियो देखिन्छ। लेप्चाहरूका अन्तिम पनु वा राजा मेन सलोङ हुन् र उनको पच्चीस वर्षे शासन कालमा लेप्चाहरूले चौतर्फी उन्नति गरेका थिए।[१२] अमल के दासले पनि लेप्चाहरूमाझ लेख्ने कलाको विकास र विस्तार गर्ने व्यक्ति लेप्चाहरूका अन्तिम पनु वा मुखिया हुन् भन्ने मत व्यक्त गरेका छन्।[१३] यसैले लेप्चा लिपि निर्माण गर्ने श्रेय मेन सेलोङलाई नै जाँदछ।

लेप्चा भाषाको आफ्नै विशेषता छ। यो एउटा अनुपम र परिष्कृत भाषा हो। यसको वर्णमालामा ३५ वटा व्यञ्जन र ८ वटा स्वर वर्ण अनि १२ वटा स्वर भेद चिह्न रहेका छन्।[१४]लेप्चा भाषामा वर्ण वा अक्षर विन्यासबारे प्रवेशिका पनि पाइन्छ, जसलाई 'लाज्योङ' भनिन्छ। यसका साथै सातवटा संयुक्त व्यञ्जन पनि पाइन्छ, जसलाई 'लाथ्यो' भनिन्छ। यी ध्वनिहरू हुन् क्ल, प्ल, ग्ल, फ्ल, ब्ल, ह्ल, म्ल।

### ३.५.२ मुद्रण र प्रकाशन

सिक्किम अनि यहाँका आदिम जाति लेप्चाहरूबारे भएका मानवशास्त्रीय अध्ययनहरूमा लेप्चाहरूमा सम्पन्न साहित्यिक परम्परा रहेको कुरो उल्लेख पाइन्छ। यद्यपि आज यस्ता प्राचीन लिखित साहित्यिक सामग्री वा सम्पदा पाइँदैन। भोटिया अनि तिब्बतीहरूको मूल उद्देश्य लेप्चाहरूलाई लामावादी आस्था भिरू बनाउने रहेका हुनाले पनि यस्ता साहित्यिक कृतिहरू नष्ट गरिएको कुराको उल्लेख हाफदनले गरेका छन्। पशुधर्मावलम्बी प्रकृतिपूजक लेप्चाहरूको लिखित वाङ्मय अप्राप्य नै रहे पनि उनीहरूको समाजमा मुन् र बुङथिङ परम्पराले लोकवार्ता, प्राचीन आस्था, संस्कार र लोक इतिहासलाई अध्यावधि बचाइ

[११]आर के स्प्रिग, पूर्ववत्, पृ ८७

[१२]के के दास, सन् १८९६, 'दि लेप्चा पिपल एन्ड देयर नोसन्स् अव् हेभेन एन्ड हेल', *जर्नल अव् बुद्धिस्ट टेक्स्ट सोसाइटी, पार्ट १*, पृ १

[१३]ए के दास, *द लेप्चाज अव् वेस्ट बेङ्गल*,पूर्ववत्, पृ २४६

[१४]सुरेश अनि अन्य, *सिक्किम प्रोस्पेक्टिभ फर प्लानिङ एन्ड डेभोलेप्मेन्ट*, पूर्ववत्, पृ ७६

राखेकै छ। श्रुतिमा बाँचेका यिनै धरोहरलाई लेप्चाहरूको प्राचीन वाङ्मय मान्नु पर्छ। ऐतिहासिक खोजअनुसार लेप्चा भाषामा मुद्रण अनि प्रकाशनको थालनी दार्जिलिङबाट इसाई धर्म प्रचारकहरूले गरे। जेनेरल मेनवरिङ लेख्छन्- "दार्जिलिङ र यस क्षेत्रमा युरोपेली वा अङ्ग्रेजहरूको आगमन नै वास्तवमा लेप्चा र उनीहरूको भाषाको पतनको मूल कारण हो।"[९५] तर एउटा उल्लेखयोग्य विषय के छ भने सरकारी कोषमा कर र खजाना नभर्ने लेप्चाहरू अङ्ग्रेजी प्रशासनका निम्ति निकम्मा भए भने इसाई धर्म प्रचारकहरूप्रति चासो राख्ने भएकाले मिसनेरीहरूका निम्ति उनीहरू नै कुशल समारी बने। यसर्थ इसाई धर्मको प्रचार गर्ने मूल उद्देश्य राखेर मिसनेरीहरूले लेप्चा भाषामा बाइबलका थुप्रै अंशहरू लगायत अन्य पर्चाहरू मुद्रण र प्रकाशन गरी वितरण गर्ने काम गरे। सन् १८४१ मा दार्जिलिङमा विलियम स्टार्टको अगुवाइमा स्टार्ट मिसन आएर लेप्चाहरूबिच धर्म प्रचार गरेको थाहा लाग्छ।[९६] सन् १८४६ मा बालिका विद्यालय खोल्ने लक्ष्य राखेर केथोलिक मठवासिनीहरू दार्जिलिङ आइपुगे।[९७] उनीहरूले सन् १८४७ मा दार्जिलिङमा बालिकाहरूका निम्ति कन्भेन्टको स्थापना गरे।[९८] त्यसताक यस विद्यालयमा धेरै लेप्चा बालिकाहरूले पनि भर्ना पाएका थिए। स्टार्ट मिसन दार्जिलिङ आएको लगभग तीस वर्षपछि स्कटिस मिसन दार्जिलिङ आएको थाहा लाग्छ।[९९] स्कटिस मिसनका विलियम मेकफार्लेनले सन् १८७०मा दार्जिलिङ स्थित लेबुङमा स्कुल खोलेर लेप्चाहरूमाझ धर्म प्रचार गर्ने कार्य सुरु गरे।[१००] यसरी नै यङ्ग गिल्ड मिसनका ग्राहामले अप्रेल सन् १८८९ मा कालेबुङ आएर विशेष गरेर लेप्चाहरूलाई पढाउने काम गरे। उनले स्कुल लगायत थुप्रै औद्योगिक प्रशिक्षण केन्द्रहरूको पनि स्थापना गरे।[१०१] यी सबै स्कुल प्रशिक्षणालयमा लेप्चाहरूले नै बहुसङ्ख्यामा भर्ना लिएको थाहा लाग्छ। यसका अतिरिक्त मिसनेरीहरूले लेप्चा भाषामा किताबहरू लेख्ने र अनुवाद गर्ने कार्य गरे। यी मिसनेरीहरूमध्ये सबैभन्दा पहिले विलियम स्टार्टले आफ्ना सहयोगी निबेलसँग मिलेर सन् १८४५मा 'सेन्ट माथ्युज गस्पेल'-को अनुवाद गरे। यसरी नै सन् १८४९ मा निबेलद्वारा अनूदित र व्यापटिस् मिसन प्रेस, कलकत्ताद्वारा प्रकाशित 'द बुक

---

[९५]जी बी मेनवरिङ, *ए ग्रामर अव् दि लेप्चा ल्याङ्ग्वेज*, पूर्ववत्, पृ XII

[९६]सिन्डी पेरी, सन् १९९७, *नेपाली अराउन्ड दि वर्ल्ड*, काठमाडौँ : एकता बुक्स, पृ ३१

[९७]ए भी फ्रान्सिस, सन् २००८, *क्याथोलिक मिसनेरी इन् दार्जिलिङ एन्ड सिक्किम*, (पिएचडी शोध प्रबन्ध, अप्रकाशित), नर्थ बेङ्गल युनिभर्सिटी, वेस्ट बेङ्गल

[९८]एम एम कोमकिली, सन् १९६८, *फस्ट द ब्लेड*, कलकत्ता: फिरमा के एल, पृ ६९-७०

[९९]जेम्स् देश पाण्डे, 'एक हराएको कडी-दार्जिलिङ पहाडमा तेईस वर्ष स्टार्ट मिसन', *नवीकरण*, कालेम्पोङ, भोल्युम १२ (२५), पृ १०

[१००]डी जी मेनुयेल, *अ ग्ल्याडनिङ रिभर*, पूर्ववत्, पृ १०-११

[१०१]जे आर मिन्टो, *ग्रह्याम अव् कालेम्पोङ*, पूर्ववत्, पृ ३८

अव्‌जेनेसिस् एन्ड पार्ट अव् इक्‌जोडस्’ आजसम्म उपलब्ध लेप्चा भाषामा प्रकाशित सबैभन्दा पुरानो किताब हो। त्यसै वर्ष निबेल र स्टार्टको सह अनुवादमा प्रकाशित ‘सेन्ट जोन्स गस्पेल’ र ‘सेन्ट मेथ्यु’ पनि लेप्चा भाषामा प्रकाशित पुराना किताबहरू हुन्।[१०२] यसपछि मेनवारिङको ‘द ग्रामर अव् लेप्चा’ (सन् १८७६), र ग्रुन्वाडेलको ‘डिक्सनेरी अव् लेप्चा ल्याङ्ग्वेज’ (सन् १८९७) आदि पनि प्रकाशित भएको पाइन्छ। पहिलो लेप्चा अनुवादक द्योङ्सी सादाद्वारा अनूदित ‘द गस्पेल अव् ल्युक’ (लुकाको सु-समाचार) सन् १९०८ मा प्रकाशित भएको पाइन्छ। यसरी नै सिक्किममा तिब्बती भाषाबाट लेप्चामा अनेक बौद्ध धर्मग्रन्थहरू अनूदित भएका छन्। तीमध्ये टासी सुङ, गुरु छेवाङ, साकुन दे-लोक, इक-दोषी मानलोम आदि प्रमुख हुन्।[१०३] सन् १९६१ मा लेप्चा भाषाको पठन-पाठन सुरु भएपछि सिक्किम सरकारको शिक्षा विभागले लेप्चा भाषामा थुप्रै पाठ्य पुस्तक प्रकाश गरेको थाहा लाग्छ।[१०४] यस्ता पाठ्य पुस्तकहरूबाहेक लेप्चा भाषामा आजसम्म पनि भनेजस्तो वाङ्मय लेखिएको पाउन सकिएको छैन। भाषासम्बन्धी एकाध कार्यहरू गरिए तापनि साहित्यको विकास अपेक्षाकृत थौरै भएको पाइन्छ। केही गीत तथा गीति एल्बम आदि प्रकाशित भएका छन्। निकट भविष्यमा यस दिशामा कार्य हुने सम्भावना राख्न सकिन्छ।

### ३.६ निष्कर्ष

आजसम्म भएका ऐतिहासिक, मानवशास्त्रीय, लोक सन्दर्भ अनि भाषिक अध्ययनका आधारमा लेप्चाहरूलाई नै सिक्किमका सबैभन्दा प्राचीन समुदाय मान्न सकिन्छ। यस तथ्यका आधारमा लेप्चा भाषा अनि यसको लिपिको विकास पनि सिक्किममा नै भएको तथा यसको इतिहास पनि प्राचीन रहेको थाहा लाग्छ। लेप्चा जातिको सामूहिक स्मृति, लोक आख्यान, मिथ अनि केही ऐतिहासिक विवरण आदिमा बाँचेको प्रदेश मायल् ल्याङको क्षेत्र उत्तर पूर्वमा भोटको छुम्बी उपत्यका अनि दक्षिणको तितलिया तथा पश्चिममा नेपालको इलाम जिल्लासम्म रहेको थाहा लाग्छ। विभिन्न मानविकी अध्ययन, यात्रा विवरण, हुकरको वनस्पति सर्वेक्षणको रिपोर्ट जस्ता दस्ताबेजमा पनि यस कुराको पुष्टि भएको पाइन्छ। यस दृष्टिमा लेप्चा भाषाको भूगोल धेरै बृहत् रहेको थाहा लाग्छ। यस अध्यायमा चर्चा गरिएअनुसार कालान्तरमा घटित सामाजिक, राजनीतिक कारणले गर्दा लेप्चा समुदाय अनि उनीहरूको

[१०२]आर के स्प्रिग, *सेडिङ सम् लाइट अन दि हिस्ट्री ल्याङ्ग्वेज एन्ड लिटरेचर अव् दि लेप्चाज्*, पूर्ववत्, पृ ५३-५४

[१०३]एच एच रिस्ले, द *गेजेटियर अव् सिक्किम*, पूर्ववत्, पृ २९३

[१०४]जे आर सुब्बा, *हिस्ट्री कल्चर एन्ड कस्टम्ज अव् सिक्किम*, पूर्ववत्, पृ २५८-२५९

समाज, संस्कृति र भाषिक प्रचलनमा धेरै प्रभाव पर्न गयो। सामाजिक एवम् राजनीतिक कारणले गर्दा एकातिर तत्कालीन मायल् ल्याङ वा सिक्किमको राजनीतिक भूगोल खुम्चिएको बुझिन्छ भने अर्कातिर लेप्चा संस्कृति, भाषा एवम् तुलनात्मक दृष्टिले अन्य जातिहरूको उपस्थितिका कारण प्रतिशतका हिसाबले लेप्चाहरूको जनसङ्ख्या पनि थोरै हुँदै गएको थाहा लाग्छ। अन्य जातिहरूको आप्रवासन, जनसङ्ख्या वृद्धि र अन्तर्मिश्रणका कारण लेप्चा संस्कृति र भाषामा प्रतिकूल प्रभाव परेको स्पष्ट हुन्छ।

सिक्किमका अन्य भाषासरह लेप्चा भाषालाई पनि भोटबर्मेली शाखाको भाषा मानिन्छ, तथापि एकदुईजना भाषाविद्हरूले यसलाई भोटबर्मेली भाषाभन्दा केही भिन्न किसिमको रूप संरचना भएको भाषा पनि मानेका छन्। ईश्वीको १६औँ शताब्दीतिर तिब्बती सरदार खेबुमसा अनि लामाहरूको आगमनअघि लेप्चा भाषाको समृद्ध लेखन परम्परा थियो भन्ने केही विवरणहरू पाइएको छ तथापि यस्ता विवरणलाई प्रामाणिक मान्न सकिँदैन। लेप्चा लिपिको विकास धेरै अघि भएको मानिए तापनि सिक्किमका तेस्रो छोग्याल छयादोर नामग्यालको शासन कालभन्दा पूर्वलिपि लेखनको परम्परामा रहेको थाहा लाग्दैन। आफ्ना लेप्चा प्रजामा तिब्बती लामावादको प्रचार-प्रसार गर्ने उद्देश्य राखेर नामग्याल वंशका शासक र लामाहरूले लेप्चा भाषालाई धर्म प्रचारको माध्यम बनाइ यसमा तिब्बती धार्मिक सामग्री छाप्ने काम गरे भने दार्जिलिङ कालेबुङमा पनि ईसाइ मिसेनरीद्वारा ईसाइ धर्म प्रचार गर्न हेतु बाइबलका केही अंश र ट्र्याक्सहरू लेप्चा भाषामा छाप्ने काम गरे। यसरी लेप्चा भाषाको लेखनको परम्परा अनि विकास धार्मिक उद्देश्य प्राप्तिका लागि भएको बुझिन्छ। राजनीतिक कारणले गर्दा लेप्चाहरूको सामाजिक विघटन हुनु अनि भाषामा लेखन र प्रकाशन सुरु हुनु जस्ता कारणले उनीहरूको भाषिक प्रयोग र व्यवहारमा हेरफेर आएको देखिन्छ। मूल रूपमा सामाजिक-राजनीतिक घटनासँगै भएको जातीय अन्तर्मिश्रण तथा आप्रवासन, लिपिको विकास र मुद्रण-प्रकाशनसँगै लेप्चा जाति, भाषा, संस्कृति र इतिहासबारे भएका नयाँ अध्ययनहरूले लेप्चा जातिको भाषिक एवम् अन्य पक्षलाई नयाँ किसिमले परिभाषित गरेको पाइन्छ। यस दिशामा प्रस्तुत शोध कार्यले पनि उनीहरूको समाज, भाषा र भाषिक समुदाय तथा यससित सम्बन्धित अन्य सामाजिक पक्षहरूबारे केही नयाँ तथ्यहरू फेला पारेको मान्न सकिन्छ।